# विश्वको मानवअधिकार अवस्था

अप्रिल २०२५



एम्नेस्टी इन्टरनेसनल

# एम्नेस्टी इन्टरनेसनल

हामी सबैले हाम्रो मानवअधिकार उपभोग गर्न सकौं भन्नका लागि सबैमा अन्तर्निहित मानवतालाई परिचालन गर्दै अभियान सञ्चालन गर्ने एक करोड भन्दा बढी मानिसहरूको अभियान हो एम्नेस्टी इन्टरनेसनल। हामीले यस्तो संसारको परिकल्पना गरेका छौं जहाँ सत्तामा रहेकाहरूले आफ्नो वाचा पूरा गर्ने, अन्तर्राष्ट्रिय कानुनलाई सम्मान गर्ने र जवाफदेहिता पुरा गर्नेछन्। हामी कुनै पनि सरकार, राजनीतिक विचारधारा, आर्थिक स्वार्थ वा धर्मबाट स्वतन्त्र छौं र सदस्यता शुल्क तथा सार्वजनिक अनुदान हाम्रो आर्थिक श्रोत हो। संसारभरिका मानिसहरूसँग ऐक्यबद्धता र सहानुभूतिका साथ मिलेर काम गर्दा हाम्रा समाजहरू सँदाका लागि अझ राम्रो हुनेछ भन्ने कुरामा हामी विश्वास राख्दछौं।

एम्नेस्टी इन्टरनेसनल निष्पक्ष छ। सार्वभौमसत्ता, भौगोलिक विवाद वा आत्मनिर्णयको अधिकारलाई कार्यान्वयन गर्नका लागि अवलम्बन गरिने अन्तर्राष्ट्रिय राजनीतिक वा कानुनी व्यवस्थाहरूका सवालहरूमा हामी कुनै पनि धारणा राख्दैनौं। हामीले वर्षभरी अनुगमन गरेका देशहरूको आधारमा यो प्रतिवेदनलाई तयार गरिएको छ। सामान्यतया यी देशहरू स्वतन्त्र राष्ट्र हुन् जो आफ्नो क्षेत्रभित्रको मानवअधिकार अवस्थाका लागि उत्तरदायी रहन्छन्।

# यसभित्र


प्राक्कथन १

एम्नेस्टी इन्टरनेसनल प्रेस विज्ञप्ति ८

विश्वव्यापी विश्लेषण १५

एसिया-प्रशान्त क्षेत्रको सिंहावलोकन ३२

नेपालको मानवअधिकार अवस्था ४५

## प्राक्कथन

विश्व अहिले एउटा ऐतिहासिक मोडमा रहेको छ। अभूतपूर्व शक्तिहरूले "सबैका लागि मानवअधिकार"को आदर्शमाथि शिकार खेल्दै दोश्रो विश्वयुद्ध तथा त्यसको विनाशको रगत र शोकमा निर्मित अन्तर्राष्ट्रिय प्रणालीलाई नष्ट गर्न खोजिरहेका छन्। विभिन्न राष्ट्रहरू बीच र ती राष्ट्रहरू भित्रैको अझ ठूलो असमानतामा आधारित आर्थिक व्यवस्थाको लक्ष्य लिएको यस धार्मिक, जातीय, पितृसत्तात्मक युद्धले विगत ८० वर्षमा कठिनाताका साथ प्राप्त गरिएका समानता, न्याय र मर्यादाका उपलब्धिलाई खतरामा पारेको छ।

मानवअधिकारसम्बन्धी जवाफदेहिता, अन्तर्राष्ट्रिय कानुन र संयुक्त राष्ट्रसङ्घ विरुद्धका विभिन्न आक्रमण संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पको सन् २०२५ को "शासन"को पहिलो १०० दिनका केही विशेषताका रूपमा रहेका छन्। तर विश्वव्यापी गरिबी अन्त्य गर्ने र लामो समयदेखि चलिरहेको जातीय तथा लिङ्गमा आधारित विभेद र हिंसालाई उल्टाउने प्रयासहरू विरुद्धका ती गैरजिम्मेवार र दण्डात्मक आक्रमणहरू यसै वर्ष सुरु भएका भने थिएनन्। रातो रेखाहरू रातारात हरियोमा परिवर्तन हुँदैनन्। दोस्रो पदभार ग्रहण पछि राष्ट्रपति ट्रम्पका कार्यहरू एम्नेस्टी इन्टरनेसनल र अन्य मानवअधिकार संगठनहरूले यसअघि नै सङ्केत गरेको दिशाहरूमा तीव्र गतिमा बढिरहेका छन्। हाम्रा चेतावनीहरूलाई ध्यान दिइएन र हाम्रा अपिलहरूलाई बेवास्ता गरियो। उनको यस प्रकारको दिशा विगत दशकमा लिइएका प्रणालीगत, जानाजानी र छानीछानी गरिएका निर्णयहरूकै निरन्तरता र उपज हो। यद्यपि यो सन् २०२५ मा नयाँ गहिराइमा पुगिरहेको छ।

कुनै गल्ती नगरियोस्। यो केबल राष्ट्रपति ट्रम्पको बारेमा मात्र होइन। यसका जराहरू धेरै गहिरा छन् र जबसम्म एकीकृत र साहसिक प्रतिरोध हुँदैन, यो ऐतिहासिक मोड एक ऐतिहासिक रूपान्तरणमा परिणत हुनेछः यो केबल परिवर्तनको युग मात्र हुने छैन बलकी युगकै परिवर्तन हुनेछ।

## धिमा सुरु भएको एउटा दुःस्वप्न

एक दशक वा सोभन्दा बढी समयदेखि विश्वले अधिनायकवादी कानुन, नीति र अभ्यासहरूको निरन्तर फैलावट, साँघुरिँदै गएको नागरिक स्थल र अभिव्यक्ति स्वतन्त्रता वा संघ सगठन खोल्ने स्वतन्त्रताको उपभोगमा क्षयीकरण भइरहेको देखेको छ। नीतिगत छनौटहरूले असमानतालाई गहिराएको छ, गरिबी बढाएको छ र अर्बपतिहरूलाई पोषित गरेको छ। दशौं लाख जनतालाई मर्न दिन तयार रहेका शक्तिशाली राष्ट्रहरूको लोभ, नश्लवाद र स्वार्थलाई कोभिड महामारीले उदाङ्गो बनाइदिएको छ र जलवायु सङ्कटको सामना गर्ने सन्दर्भमा राष्ट्रहरू सन् २०१५ मा पेरिसमा आफूले गरेको वाचाहरू पूरा गर्न प्राय विफल भएका छन्।

यस्ता धेरै राता बत्तीहरूले देखाइरहेका गम्भीर चेतावनीहरूका बीच सन् २०२४ मा जातीय संहार भयो।

## सन् २०२४: जातीय संहार र यसको प्रत्यक्ष प्रसारण

सन् २०२३ को अक्टोबर ७ देखि - जुन दिन हमासले इजरायली नागरिक र अन्य विरुद्ध भयानक अपराधहरू गर्दै २५० भन्दा बढीलाई बन्धक बनायो - संसार एउटा प्रत्यक्ष प्रसारण गरिएको जातीय संहारको दर्शक बनेको छ। इजरायलले हजारौं हजार प्यालेस्टिनीहरूलाई मार्दै सम्पूर्ण बहु-पुस्ता परिवारहरूलाई धुलिसात गराएको, घर, जीविकोपार्जन, अस्पताल र विद्यालयहरू ध्वस्त पारेको राष्ट्रहरूले आफू शक्तिहीन भएझैं गरी हेरिरहे।

इजरायलको सैन्य कब्जा जसरी झन्झन् निर्लज्ज र घातक बन्दै गयो; अमेरिका, जर्मनी र केही मुट्ठीभरका अन्य युरोपेली राष्ट्रहरूले जसरी इजरायललाई समर्थन गरे; संयुक्त राष्ट्र सङ्घको सुरक्षा परिषद्ले युद्धविरामका लागि गरेको प्रस्तावहरूलाई बाइडेन प्रशासनको संयुक्त राज्य अमेरिकाले जसरी बारम्बार भिटो प्रयोग गरी विफल बनायो र राष्ट्रहरूले जसरी इजरायललाई हतियार हस्तान्तरण गर्न जारी राखे यी सबै कुराहरूबाट सन् २०२४ लाई स्मरण गरिनेछ।

सन् २०२४ मा इजरायल र यसका शक्तिशाली सहयोगी र तीमध्येको पहिलो संयुक्त राज्य अमेरिकाले अन्तर्राष्ट्रिय न्यायालयको आदेश र अन्तर्राष्ट्रिय फौजदारी अदालतको अभियोगलाई जानाजानी बेवास्ता गर्दै आफूहरूका लागि अन्तर्राष्ट्रिय कानुन लागि लागू नहुने दाबी गरे वा आफूहरूका लागि अन्तर्राष्ट्रिय कानुन लागि लागू नहुने जसरी व्यवहार गरे।

सन् २०२३ मा भन्दा बढी नागरिकहरूको हत्या गर्दै सन् २०२४ मा पनि राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनमा नागरिक पूर्वाधारमा व्यवस्थित आक्रमणहरूलाई जारी राखे। युक्रेनको अधिकांश थर्मल ऊर्जा पावर प्लान्टहरूलाई नष्ट वा कब्जा गरेर रूसले हजारौंको लागि नियमित रूपमा अन्धकार निम्त्यायो। रूस र कब्जा गरिएको युक्रेनी क्षेत्रहरूमा रूसले दर्जनौं युक्रेनी युद्धबन्दीहरूमाथि गैरकानुनी तवरमा मुद्दा चलायो।

सन् २०२४ मा प्रजातान्त्रिक गणतन्त्र कंगो, बुर्किना फासो, नाइजर वा म्यानमारमा चर्किएको घातक हिंसा जस्तै विश्वको सबैभन्दा ठूलो जबर्जस्ती विस्थापनको सङ्कटको बीचमा द्वन्द्व र भोकमरीबाट भएको हजारौं सुडानीहरूको मृत्युले पनि लगभग पूर्ण विश्वव्यापी उदासीनताको सामना गर्यो। हतियार व्यापारका लागि सम्बन्धित अवसरहरूलाई बेवास्ता गरिएन र हतियार प्रतिबन्धसम्बन्धी आह्वानहरूलाई बेवास्ता गरियो।

सन् २०२४ ले सामाजिक सञ्जालका एल्गोरिदम र शक्तिशाली आवाजहरूद्वारा चर्को बनाइएको र यथार्तता वा घृणाले भरिएको परिणामका बारे कुनै पर्वाह नगरी सशस्त्र द्वन्द्वहरूको सेवामा राष्ट्रहरू दुष्प्रचारको हतियार परिचालान गर्न इच्छुक रहेको देखायो।

संक्षेपमा, सन् २०२४ ले हामी सबैलाई अमानवीय बनायो।

## अन्तर्राष्ट्रिय न्याय र बहुपक्षवाद

यद्यपि, दक्षिण अफ्रिकाले भने अन्य विकल्पहरूलाई चयन गर्न पनि सकिने संकेत दियो। जातीय संहार महासन्धिको उल्लङ्घन गरेको आरोपमा इजरायल विरुद्ध अन्तर्राष्ट्रिय न्यायालयमा उसले दायर गरेको मुद्दा न्यायतर्फको एउटा महत्त्वपूर्ण कदम हो। अन्तर्राष्ट्रिय फौजदारी अदालत (आईसीसी) ले इजरायली प्रधानमन्त्री बेन्यामिन नेतान्याहू, पूर्व रक्षामन्त्री योभ ग्यालान्ट र हमासका सैन्य प्रमुख मोहम्मद अल-मसरीलाई युद्ध अपराध र मानवता विरुद्धको अपराधको आरोपमा पक्राउ पुर्जी जारी गर्नु एउटा ऐतिहासिक सफलता थियो।

तथापि युक्रेनी बालबालिकाको अपहरणको आरोपमा राष्ट्रपति पुटिनमाथिको अभियोजनमा आईसीसीलाई जोडदार समर्थन गरेका देशहरूले इजरायलको सवालमा भने धेरै फरक प्रतिक्रिया देखाए। धेरै अमेरिकी सिनेटरहरूले सन् २०२४ मा आईसीसीका अभियोजकलाई धम्की दिए र पछि राष्ट्रपति डोनाल्ड ट्रम्पले सन् २०२५ मा अभियोजकलाई प्रतिबन्ध लगाए।

दोस्रो विश्वयुद्धपछिको नियममा आधारित प्रणालीको सुत्रधारहरूको दोहोरो मापदण्डको बारेमा विलाप गर्ने समय बितिसकेको छ। सन् २०२४ समाप्त हुनुभन्दा अघि नै धेरै राष्ट्रहरूले सक्रिय रूपमा यस प्रणालीका संस्थाहरूलाई कमजोर पारिरहेका थिए र यसको मूल्यमान्यता विरुद्ध काम गरिरहेका थिए, जसको परिणामस्वरूप अहिले यस प्रणालीको असली मनसायको एउटा खोल मात्र ठिङ्ग उभिएर रहेको अवस्था छ।

राष्ट्रपति ट्रम्प पहिल्यै धेरै विकसित भइसकेका प्रवृत्तिहरूको केबल एउटा तेज उत्प्रेरक मात्र हुन्।

## अभिव्यक्ति स्वतन्त्रता र मिडियाः खतराका पूर्व सूचकहरू

सन् २०२० मा एम्नेस्टी इन्टरनेसनलले विभिन्न देशहरूबीच तथा ती देश भित्रै देखापरिरहेका अधिनायकवादी प्रवृत्तिहरूको बारेमा चेतावनी दिएको थियो। हामी चिन्तित हुनु सही पनि थियो। सन् २०२४ मा थप अधिनायकवादी कानुन र अभ्यासहरू अपनाइयो। सामूहिक गिरफ्तारी र जबर्जस्ती बेपत्ता पार्ने कार्यलगायतका माध्यमबाट राजनीतिक असहमति विरुद्धका आक्रमणहरूलाई तीव्र पारियो। धेरै गैरसरकारी संस्था र धेरै राजनीतिक दलहरूलाई जबर्जस्ती विघटन गर्ने, निलम्बन गर्ने वा स्वेच्छाचारी तवरमा "अतिवादी" भन्दै लक्षित गर्ने कार्य गरियो। नागरिक अवज्ञाहरूमा असमानुपातिक प्रतिकार गरियो र मानवअधिकार रक्षक, जलवायु अभियन्ता, विद्यार्थी र प्यालेस्टिनीहरूप्रति ऐक्यबद्धता व्यक्त गर्ने अन्य अभियानकर्मीहरूलाई अभूतपूर्व तवरमा अपराधीकरण गरियो। धेरैलाई त "आतंकवादी"को बिल्ला समेत भिराइयो। महिला र एलजिबिटिआइ व्यक्तिहरूको अधिकारका लागि अभियान गर्ने नारीवादी र अन्य अभियानकर्ताहरूले ठूलो प्रत्याक्रमणको सामना गरिरहे। कम्तिमा २१ राष्ट्रहरूले अभिव्यक्ति स्वतन्त्रतालाई दमन गर्ने वा मिडिया आउटलेटहरूमाथि प्रतिबन्ध लगाउने उद्देश्यसहित कानुन वा विधेयकहरू अगाडि ल्याए। सन् २०२४ मा मारिएका पत्रकारहरूको संख्या नयाँ उचाइमा पुग्योः गैरसरकारी संस्था "कमिटी टु प्रोटेक्ट जर्नालिस्ट"का अनुसार गत वर्ष कम्तिमा

१२४ पत्रकारहरू मारिएका थिए, जसमध्ये लगभग दुई तिहाई इजरायलद्वारा मारिएका प्यालेस्टिनीहरू थिए।

## "ड्रिल, बेबी, ड्रिल" नाराको "बर्न, बेबी, बर्न" गीतसँगको मिलन

सन् २०२४ मा कुनै पनि भूभाग जलवायु संकटबाट अप्रभावित रहेन। दक्षिण एसियामा तीव्र गर्मीको लहरपछि विनाशकारी बाढी आयो जसले दशौं लाखलाई असर गर्यो र हजारौंलाई विस्थापित हुन बाध्य बनायो। दक्षिण अमेरिकामा अभूतपूर्व डँढेलोले अमेजनको घना जङ्गलहरू नष्ट गर्यो र त्यहाँको अन्य सम्पूर्ण देशहरूसम्म फैलिएको पारिस्थितिक प्रणालीलाई खतरामा पार्‍यो। सोमालियामा, खडेरी र बाढीले समुदायहरूलाई नष्ट गर्यो, स्थानीय अर्थतन्त्र ध्वस्त पार्यो र परिवार तथा समुदायहरूलाई विस्थापित गर्यो।

सन् २०२४ नै विश्वव्यापी औसत तापक्रम सन् १८५०-१९०० को औसत भन्दा १.५ डिग्री सेल्सियस भन्दा बढी हुन पुगेको पहिलो क्यालेन्डर वर्ष बन्न पुग्यो।

बढ्दो तापक्रमले अग्रगामी जलवायु कार्यको माग गर्दछ। तथापि जीवाश्म इन्धनको प्रयोगलाई चरणबद्ध रूपमा बन्द गर्नमा भएको राज्यहरूको विफलताका अतिरिक्त कोप २९ (COP29) को वार्ताबाट एउटा कंजूस्याइपूर्ण वित्तपोषण सम्झौतामा सहमति गरियो जसले कम आय भएका देशहरूलाई ऋणको चक्रमा फसाउने जोखिमता निम्त्याएको छ।

पेरिस जलवायु सम्झौताबाट संयुक्त राज्य अमेरिका अलग्गिने भन्ने राष्ट्रपति ट्रम्पको सन् २०२५ को निर्णयलाई अन्य जीवाश्म इन्धनमा निर्भर राष्ट्रहरूद्वारा भएको स्वागतसँगै उनको "ड्रिल, बेबी, ड्रिल" मन्त्रले पहिलेदेखि जे जारी रहेको थियो केवल त्यसैलाई प्रतिध्वनित मात्र गर्यो।

र यसरी विश्वभर समुदायहरू जलिरहनेछन्, डुबिरहनेछन्, मरिरहनेछन्।

## लाखौंका लागि एउटा विषाक्त मिश्रण

सन् २०२४ मा विश्व बैंकले "विगत पाँच वर्षमा विश्वव्यापी गरिबी न्यूनीकरण लगभग स्थिरताको तहमा आइपुगेको र यसले सन् २०२०-३० को दशक एउटा हराएको दशकमा परिणत हुने चिन्ता बढेको"[१] चेतावनी दिएको थियो। उत्पादित गरिबी, द्वन्द्व, राजनीतिक उत्पीडन र जलवायु सङ्कटको विषाक्त मिश्रणले सन् २०२४ मा अनुमानित ११ करोड मानिसहरूलाई विस्थापित गर्यो। तथापि यसको मूल कारणहरूलाई सम्बोधन गर्नुको सट्टा धेरै सरकार र राजनीतिक आन्दोलनहरूले परदेशीद्वेषी र नश्लीय शब्दाडम्बरी बयानबाजीलाई हतियार बनाउँदै घृणालाई उक्साए। न्यायिक आदेशहरूलाई बेवास्ता गर्दै वा छल्दै तिनले आफ्नो सिमानामा आइपुगेका अनियमित आगन्तुकहरूलाई पछाडि धकेल्न चरम र हिंसात्मक उपायहरू प्रयोग गरे।

## लैङ्गिक समानता? महिला र एलिजिबिटिआई अधिकारमाथिको आक्रमण

अफगानिस्तानमा महिला र बालिकाहरूको ५०% जनसंख्यालाई धेरैले "सुष्त गतिको मृत्यु" भनी वर्णन गरेको अवस्थामा रहन बाध्य पारिएको थियो। तथाकथित दुर्गुण र सद्गुणसम्बन्धी कानुनहरू पारित गर्दै र महिला तथा बालिकाहरूको शिक्षाको अधिकार तथा रोजगारीको अधिकारलाई इन्कार गर्दै तालिबान सरकारले उनीहरूको सार्वजनिक अस्तित्वलाई अपराधीकरण गर्‍यो। दर्जनौं महिला प्रदर्शनकारीहरूलाई जबर्जस्ती बेपत्ता पार्ने वा स्वेच्छाचारी तवरमा हिरासतमा लिने कार्य गरियो।

इरानमा अनिवार्य बुर्का लगाउनुपर्ने नयाँ कानुनले महिला र बालिकाहरूमाथिको दमनलाई तीव्र बनाउँदै कोर्रा हान्ने, अत्यधिक जरिवाना लगाउने र कठोर जेल सजायको व्यवस्था गर्‍यो। उता कानुनको अवज्ञा गरेकोमा महिला र बालिकाहरूलाई अधिकारी तथा सतर्कता समूहका सदस्यहरूले दण्डहीनताका साथ हिंस्रक रूपमा आक्रमण गर्न जारी राखे।

धेरै ठाउँहरूमा एलजिबिटिआइ व्यक्तिका अधिकारहरूको उल्लङ्घन तीव्र भयो। अर्जेन्टिनादेखि लिएर रूससम्मका सरकारहरूले यौन तथा प्रजनन स्वास्थ्य सेवाहरूमाथिको पहुँचलाई सङ्कूचन गर्ने कानुन र/वा नीतिहरू लागू गरे। संयुक्त राज्य अमेरिकामा मेटा र टिकटकले केही गर्भपतनसम्बन्धी जानकारी अनलाइनबाट हटाए। यसैबीच, विश्वका धेरै भागहरूमा महिला हत्या र सशस्त्र द्वन्द्वमा हुने यौन हिंसा लगायत लिङ्गमा आधारित हिंसामा वृद्धि भएको जनाइएको छ।

## एउटा युगको अन्त्य?

शक्तिशाली राष्ट्रहरूले हाम्रो इतिहासको उपहास गरिरहेका छन्। तिनीहरूले सन् १९३० र १९४० को दशकका पाठहरू - जातीय संहार महासन्धिदेखि जेनेभा महासन्धि तथा मानवअधिकारको विश्वव्यापी घोषणापत्र र संयुक्त राष्ट्रसंघको बडापत्रसम्म - लाई पन्छाउन, बिर्सन र मेटाउन सकिन्छ भन्ने बहाना गरिरहेका छन्। डोनाल्ड ट्रम्पको निर्वाचन र उनको प्रशासनमाथिको ब्यापक कर्पोरेट कब्जासँगै हामी एउटा क्रूर युगमा तीव्र गतिमा धकेलिएका छौं जहाँ सैन्य र आर्थिक शक्तिले मानवअधिकार र कूटनीतिलाई उछिनेको छ; जहाँ लिङ्गीय र जातीय पदानुक्रम तथा एउटा पक्षले नाफा आर्जन गर्ने र अर्को पक्षले घाटा सहने (शुन्य योग खेल) सोचले नीति निर्धारण हुन्छ, जहाँ शून्यवादी राष्ट्रवादले अन्तर्राष्ट्रिय सम्बन्धलाई अघि बढाउँछ।

## यसमा हामीले कसरी प्रतिक्रिया जनाउने?

सन् २०२४ मा संयुक्त राष्ट्रसङ्घको महासभाका सबै १९३ सदस्य राष्ट्रहरूले मानवता विरुद्धको अपराधसम्बन्धी अहिलेसम्मकै पहिलो सन्धिको लागि मार्ग प्रशस्त गर्न सहमति जनाए। सन् २०२४ मा संयुक्त राष्ट्रसङ्घको महासभाले अन्तर्राष्ट्रिय कर सहयोगसम्बन्धी खाका महासन्धि निर्माण गर्नका लागि पनि सहमति जनायो। यसले कर दुरुपयोग रोक्नका लागि अन्तर्राष्ट्रिय सहयोग प्राप्तिका लागि मार्ग प्रशस्त गर्‍यो र सम्भवतः अधिकार प्राप्तिको लागि आवश्यक कोष उपलब्ध गरायो। सन् २०२४ मा गाम्बियाले महिलाको यौनाङ्ग विच्छेदनलाई प्रतिबन्ध लगाउने सन् २०१५ को महिला संशोधन ऐन

लाई खारेज गर्ने विधेयकलाई अस्वीकार गर्यो। सहमतिमा आधारित बलात्कारको परिभाषालाई अपनाउँदै पोल्याण्ड यस्तो परिभाषा अपनाउने १९ औं युरोपेली देश बन्यो। बुल्गेरियाली संसदले रूसी शैलीको विदेशी एजेन्टहरूको अभिलेख सिर्जना गर्ने विधेयकका विरुद्ध मतदान गर्यो। सन् २०२४ मा बेल्जियमका राष्ट्रिय अदालतहरूले उपनिवेशीकरणको समयमा भए गरिएका मानवता विरुद्धको अपराधका लागि आफ्नो देशको जिम्मेवारीलाई स्वीकार गरे र सन् २०२५ को सुरूमा फिलिपिन्सका अधिकारीहरूले पूर्व राष्ट्रपति दुतेर्तेलाई लागूपदार्थ विरुद्ध उनले सञ्चालन गरेको घातक युद्धको क्रममा भएका मानवता विरुद्धको अपराधसम्बन्धी आरोपहरूको सामना गर्न आईसीसीलाई सुम्पिए।

सन् २०२४ को सेप्टेम्बरमा भएको भविष्यका लागि संयुक्त राष्ट्रसंघीय शिखर सम्मेलन (The UN Summit for the Future) का आफ्नै सीमितताहरू थिए। यद्यपि, राष्ट्रहरूले सुरक्षा परिषद् भित्र विशेषगरी अफ्रिकाको लागि बढी प्रतिनिधित्वको वातावारण तयार पारेर, अन्तर्राष्ट्रिय वित्तीय संरचनालाई रूपान्तरण गरेर, ऋण सङ्कटलाई सम्बोधन गरेर र विकास कोषलाई बढाएर अझ बढी समतामूलक अन्तर्राष्ट्रिय प्रणाली सिर्जना गर्नमा सहमति जनाए।

अझ महत्त्वपूर्ण कुरा सन् २०२४ मा विश्वभर ६४ वटा देशमा आम निर्वाचनहरू भए। तर यो चुनावी वर्ष मानवअधिकार विरोधी शक्तिहरूका लागि विजय यात्राको रूपमा भने परिणत भएन। विश्वभर ठूलो संख्याका नागरिकहरूले फरक बाटोको पक्षमा मतदान गरे र यसले अधिनायकवादी अभ्यासहरूको उदय अवष्यम्भावी छैन र यसलाई प्रतिरोध गर्न सकिन्छ भन्ने देखायो।

भविष्य निश्चित छैन, तर संसार एउटा महत्त्वपूर्ण मोडमा छ। ट्रम्प प्रशासनको एक सय दिन बितिसकेको छ र केही राष्ट्रहरूले जारी चुनौतीको डटेर सामना गरिरहेका छन्। तर धेरैजसोले चुनौतीको सामना गर्न सकेका छैनन्। बरु, धेरैले नयाँ सम्राटले सम्मानजनक पहिरन लगाएको बहाना गरिरहेका छन्। धेरैले नयाँ सम्राटकै पोशाक पनि अपनाइरहेका छन्। नाङ्गो वास्तविकता भने धेरै फरक छः असहमतिलाई मौन पार्ने कार्य, शैक्षिक स्वतन्त्रतामाथिको आक्रमण, बढ्दो सैन्य बजेट, सहायता विनियोजनको लुटपाट, व्यापारमा प्रतिशोध लिने कार्यः यी गहिरो सङ्कटमा रहेको संसारलाई देखाइदिने पारदर्शी पोशाकहरू हुन्।

हो, हामीले मानवअधिकारलाई कायम राख्नमा अन्तर्राष्ट्रिय प्रणालीमा देखिएको प्रणालीगत विफलताहरूलाई सम्बोधन गर्नुपर्छ। तर आज, हामी पूर्ण रूपमा नयाँ प्रणाली ल्याउन लागि परिरहेका पुनर्जागृत शक्तिहरूलाई सामना गरिरहेका छौंः यस्तो शक्ति जुन समानता र न्यायको लागि राम्रोसँग सुसज्जित छैन, मानवअधिकार संरक्षण गर्ने हतियाररहित छ, विधिको शासनको उद्देश्यलाई टेवा पुर्याउने नभई न्यायको खिलाफ नाफाको शासनलाई टेवा पुर्याउने गरी तर्जुमा गरिएको छ।

यस्ता शक्तिहरू विरुद्ध संगठित प्रतिरोध केवल आवश्यक मात्र होइन यो नै अब हाम्रो एक मात्र वैध उपाय हो। राष्ट्रहरूले मानवअधिकारलाई कायम राख्न विफल हुँदा सधैं उनीहरूले गरेजस्तै सामुदायिक आयोजकहरू र मानवअधिकार रक्षकहरू जागरूक भइरहेका छन्। उनीहरूले हाम्रो साझा मर्यादालाई लापरवाहीपूर्वक जोखिममा पुर्याइरहेका यी शक्ति र नाफाका सत्ताधारीहरूको प्रतिरोध गरिरहेका छन्।

उनीहरूले फेरि एक पटक नागरिक समाज मानवअधिकार र मौलिक स्वतन्त्रताको रक्षाको अग्रपंक्तिमा रहेको देखाइरहेका छन्।

प्रतिरोध हामीले गर्नैपर्छ। प्रतिरोध हामी गर्ने नै छौं।

**आग्नेस कालामार**
**महासचिव**
**अप्रिल २०२५**

[१] World Bank *Poverty, Prosperity, and Planet: Pathways Out of the Polycrisis,* 2024, page 1

# एम्नेस्टी इन्टरनेसनल

# प्रेस विज्ञप्ति

**‘ट्रम्प प्रभाव’ले विनाशकारी प्रवृत्तिहरूलाई तीव्र बनाउँदै गर्दा विश्वव्यापी रूपमा नै मानवअधिकार सङ्कट पैदा हुने एम्नेस्टी इन्टरनेसनलको चेतावनी**

- *वार्षिक प्रतिवेदनले विश्वभरी भइरहेको अधिनायकवादी अभ्यासहरूको फैलावट र विमतिको निर्मम दमनमाथि प्रकाश पारेको छ*
- *राष्ट्रपति ट्रम्पको पहिलो १०० दिनले सन् २०२४ मा देखिएको विश्वव्यापी प्रतिगमन र गहिरोसँग जरा गाडेर रहेको प्रवृत्तिहरूलाई अझ तीव्र बनाएको छ*
- *असमानता, जलवायु सङ्कट र प्रविधि रूपान्तरण जस्ता चुनौतीहरू सम्बोधनका लागि देखिएको विश्वव्यापी विफलताका कारण भावी पुस्ताको भविष्यलाई जोखिममा पारेको छ*
- *अधिनायकवादी अभ्यासहरूको उदय र अन्तर्राष्ट्रिय कानुनको पूर्ण विनाश अवष्यम्भावी छैनन्: मानवअधिकारमाथिको आक्रमणलाई मानिसहरूले प्रतिवाद गर्दैछन् र गर्ने छन्; सरकारहरूले नै अन्तर्राष्ट्रिय न्याय सुनिश्चित गर्न सक्छन् र उनीहरूले त्यसो गर्नैपर्छ*

आफ्नो वार्षिक प्रतिवेदन *द स्टेट अफ द वल्ड्‌र्स ह्युमन राइट्स (विश्वको मानवअधिकारको अवस्था)* लाई आज सार्वजनिक गर्दै एम्नेस्टी इन्टरनेसनलले अन्तर्राष्ट्रिय मानवअधिकारको संरक्षणलाई निष्तेज पारिरहेको र विश्वका अर्बौं मानिसहरूको जीवनलाई जोखिमतातिर धकेलिरहेको ट्रम्प प्रशासनको मानवअधिकार विरोधी अभियानले यसअघिदेखि नै विश्वमा विद्यमान हानिकारक प्रवृत्तिहरूलाई थप तीव्र बनाइरहेको चेतावनी दिएको छ।

१५० देशको मानवअधिकार अवस्थामा गरिएको आफ्नो मूल्याङ्कनका आधारमा एम्नेस्टी इन्टरनेसनलले सबैका लागि विश्वव्यापी मानवअधिकार स्थापना र प्रवर्धनका लागि भएको दशकौंदेखिको मेहनतपूर्ण प्रयासलाई मेटाउँदै र सम्पूर्ण मानव जगतलाई अधिनायकवादी अभ्यास र कर्पोरेट जगतको लालच अन्तर्घुलित भएको एउटा क्रूर नयाँ युगतर्फ धकेल्दै यो “ट्रम्प प्रभाव”ले सन् २०२४ भरी विश्वका अन्य नेताहरूद्वारा भएको क्षतिलाई अझ जटिल बनाइदिएको उल्लेख गरेको छ।

“वर्षौंपिच्छे हामीले मानवअधिकारमा भएको उपलब्धिबाट पछि हट्ने जोखिमताका बारे चेतावनी दिँदै आएका छौं। तर प्रत्यक्ष प्रसारण भइरहेको तर कसैले वास्ता नगरेको इजरायलद्वारा गाजामा भइरहेको प्यालेस्टिनीहरूको जातीय संहार मात्र नभएर विगत १२ महिनामा भएका घटनाहरूले सबैभन्दा शक्तिशाली राष्ट्रहरूले अन्तर्राष्ट्रिय कानुनलाई त्याग्ने र बहुपक्षीय संस्थाहरूको बेवास्ता गर्ने कार्य गर्दा यो संसार धेरै मानिसहरूका लागि कति नारकीय बन्न सक्छ भन्ने उदाङ्ग

पारिदिएको छ। केही थोरैको हितका लागि संसारभरी अधिनायकवादी कानुन र अभ्यासमा वृद्धि भइरहेको यस ऐतिहासिक मोडमा सरकार र नागरिक समाजले मानवतालाई सुरक्षित स्थानतर्फ फर्काउनका लागि गम्भीरताका साथ काम गर्न आवश्यक छ," एम्नेस्टी इन्टरनेसनलकी महासचिव आग्नेस कालामारले भनिन्।

*विश्वको मानव अधिकारको अवस्था* प्रतिवेदनले असहमतिको बर्बर र व्यापक दमन, सशस्त्र द्वन्द्वको विनाशकारी विस्तार, जलवायु सङ्कट संबोधनका लागि अपर्याप्त प्रयास र आप्रवासी, शरणार्थी, महिला, बालिका तथा एलजिबिटिआइ व्यक्तिहरूको अधिकारविरुद्ध विश्वभर बढ्दो प्रतिकूल प्रवृत्तिलाई दस्तावेज गरेको छ। यदि विश्वव्यापी रूपमै यस प्रवृत्तिको दिशा परिवर्तन गरिएन भने अस्थिर र अशान्त सन् २०२५ मा अवस्था अझै बिग्रने छ।

"आफ्नो दोस्रो कार्यकालको सय दिन पूरा हुँदै गर्दा राष्ट्रपति ट्रम्पले विश्वव्यापी मानवअधिकारप्रति चरम घृणा देखाएका छन्। हाम्रो संसारलाई अझ बढी सुरक्षित र न्यायपूर्ण बनाउनका लागि तर्जुमा गरिएका अमेरिकन तथा अन्तर्राष्ट्रिय संस्था र पहलहरूलाई उनको सरकारले छिटोभन्दा छिटो र जानाजान यस्तो निशाना बनाएको छ। बहुपक्षीयता, शरण, जातीय तथा लैङ्गिक न्याय, विश्वव्यापी स्वास्थ्य र जीवनरक्षक जलवायु कार्यजस्ता अवधारणामाथि उनले गरेको व्यापक आक्रमणले यी सिद्धान्त र संस्थाहरूले पहिल्यैदेखि भोगिरहेका विशाल क्षतिलाई झन् गम्भीर बनाइरहेको छ र अन्य अधिकारविरोधी नेता तथा आन्दोलनहरूलाई समेत यस्तो आक्रमणमा सामेल हुन हौसला प्रदान गरिरहेको छ," आग्नेस कालामारले थप भनिन्।

"तर हामी प्रस्ट हुनुपर्छः यो विकृति राष्ट्रपति ट्रम्पका कार्यहरूभन्दा धेरै गहिरो छ। हामीले वर्षौंदेखि संसारका विभिन्न देशहरूमा विनाशको यन्त्रका रूपमा स्वेच्छाले स्वतन्त्र काम गरिरहेका आकांक्षी र निर्वाचित नेताहरूबाट फैलाइएको अधिनायकवादी अभ्यासहरूको विस्तार क्रमिक फैलिंदै गइरहेको देखेका छौं। जसै यी नेताहरूले हामीलाई अशान्ति र क्रूरताको नयाँ युगतर्फ तानिरहेका छन् यस्तो समयमा स्वतन्त्रता र समानतामा विश्वास गर्ने हामी सबैले अन्तर्राष्ट्रिय कानुन र विश्वव्यापी मानवअधिकारमाथि चुलिँदै गएको चरम आक्रमणलाई सामना गर्न आफूलाई दृढ र कठोर बनाउनै पर्छ।"

सन् २०२४ मा एम्नेस्टी इन्टरनेसनलले दस्तावेज गरेको अभिव्यक्ति, संगठित हुने तथा शान्तिपूर्ण भेला हुने स्वतन्त्रतालाई लक्षित गर्दै लागू गरिएका अधिनायकवादी कानुन, नीति र अभ्यासहरूको विस्तार मानवअधिकारविरुद्धको विश्वव्यापी प्रतिघातको केन्द्रमा रहेको छ। सञ्चारमाध्यमहरूमाथि प्रतिबन्ध लगाएर, गैरसरकारी संस्था र राजनीतिक दलहरूलाई विघटन वा निलम्बन गरेर, "आतङ्कवाद" वा "उग्रवाद"को निराधार आरोपमा आलोचकहरूलाई जेल हालेर र मानवअधिकार रक्षक, जलवायु अभियन्ता, गाजासँग ऐक्यबद्धता जनाउने प्रदर्शनकारी तथा विमति राख्ने अन्यलाई अपराधिकरण गरेर विश्वभरका सरकारहरूले जवाफदेहितालाई छल्ने, आफ्नो शक्तिलाई अझै मजबुत बनाउने र डर फैलाउने प्रयास गरे।

धेरै देशहरूमा सुरक्षाकर्मीहरूले नागरिक अवज्ञालाई दबाउन व्यापक रूपमा स्वेच्छाचारी गिरफ्तारी, बलपूर्वक बेपत्ता पार्ने कार्य र अक्सर अत्यधिक – कहिलेकाहीं त घातक – बलको प्रयोग गरे। बंगलादेशी अधिकारीहरूले प्रदर्शनकारी विद्यार्थीहरू विरुद्ध "देख्योकी गोली हान्ने" आदेश जारी गरेका थिए जसका कारण करिब १,००० जनाको ज्यान गयो। उता मोजाम्बिकमा विवादित निर्वाचनपछि भएका प्रदर्शनहरूलाई सुरक्षाकर्मीहरूले विगतका वर्षहरूकै सबैभन्दा खराब दमन गरेका थिए जसका कारण कम्तीमा २७७ जनाको मृत्यु भयो।

टर्कीले प्रदर्शनहरूमाथि पूर्ण प्रतिबन्ध लगायो र शान्तिपूर्ण प्रदर्शनकारीहरूमाथि अझै गैरकानुनी र अन्धाधुन्ध बल प्रयोग गर्न जारी राखेको छ। तर जब दक्षिण कोरियाका राष्ट्रपति युन सुक योएलले केही मानवअधिकारहरूलाई निलम्बन गर्दै सैन्य कानुन घोषणा गरे त्यसपछि भएको विशाल जनप्रदर्शनपछि उनी पदच्युत मात्र भएनन् उनका कठोर चालहरू सबै खारेज भए। यसरी त्यहाँ जनताको शक्तिले जित हासिल गर्यो।

## सशस्त्र द्वन्द्वहरूले लगातारका विफलताहरूलाई उजागर गरेका छन्

द्वन्द्वहरू बढ्दै वा गहिरिँदै जाँदा राज्यका सेना र सशस्त्र समूहहरूले लाखौंको जीवनलाई तहसनहस पार्ने गरी युद्ध अपराध र अन्तर्राष्ट्रिय मानवीय कानुनका अन्य गम्भीर उल्लङ्घनहरू गर्दै आफ्ना कारबाहीहरू निर्लज्ज ढङ्गमा अघि बढाए।

एम्नेस्टी इन्टरनेसनलले एउटा ऐतिहासिक प्रतिवेदनमा गाजाका प्यालेस्टिनीहरू विरुद्ध इजरायलले गरेको जातीय संहारको अभिलेख गरेको छ। इजरायलको रङ्गभेदी प्रणाली र वेस्ट ब्याङ्कको गैरकानूनी कब्जा बढ्दो गतिमा हिंसात्मक बनेको छ। यसैबीच, नागरिक पूर्वाधारलाई लक्षित गरी आक्रमण गर्न जारी राख्दै र बन्दीहरूलाई यातना दिने र बलपूर्वक बेपत्ता पार्ने कार्य जारी राख्दै रूसले सन् २०२४ मा अघिल्लो वर्ष भन्दा धेरै युक्रेनी नागरिकहरूको हत्या गर्यो।

सुडानको र्‍यापिड सपोर्ट फोर्सले महिला र बालिकाहरूमाथि व्यापक यौनजन्य हिंसा गर्यो जुन युद्ध अपराध र सम्भावित मानवता विरुद्धको अपराधकै तहमा रहेको छ। त्यस्तै सुडानको दुई वर्षे गृहयुद्धबाट आन्तरिक रूपमा विस्थापित हुने मानिसहरूको सङ्ख्या १ करोड १० लाख पुगेको छ – जुन पृथ्वीको अन्य कुनै पनि ठाउँमा भएको विस्थापनको सङ्ख्या भन्दा बढी हो। तथापि डार्फरमा हतियार प्रतिबन्धको उल्लङ्घनका लागि अवसरहरूको खोजी गरिरहेका विश्वासहीन कर्ताहरूको बाहेक त्यस द्वन्द्वप्रति लगभग पूर्ण विश्वव्यापी उदासीनता देखिएको छ।

म्यानमारमा रोहिंग्याहरूले नश्लीय आक्रमणको सामना गरिरहे जसको कारण धेरैजना रखाइन राज्यबाट आफ्नो घर छोडेर भाग्न बाध्य भए। ट्रम्प प्रशासनले ठूलो मात्रामा गरेको वैदेशिक सहायता कटौतीले परिस्थितिलाई झनै बिगारेको छ। छिमेकी थाइल्याण्डका शरणार्थी शिविरहरूमा अस्पतालहरू बन्द भएका छन्, सुरक्षाका लागि भागेका मानवअधिकार रक्षकहरू देश निकालाको जोखिममा परेका छन् र मानिसहरूलाई द्वन्द्वबाट बाँच्नका लागि मद्दत गरिरहेका कार्यक्रमहरू जोखिममा परेका छन्।

अमेरिकी वैदेशिक सहायताको प्रारम्भिक निलम्बनले सिरियाका हिरासत शिविरहरूमा रहेका परिवारबाट जबरर्जस्ती अलग गरिएका बालबालिकाहरूको स्वास्थ्य सेवा र सहयोगमा पनि असर पारेको छ र अचानक गरिएका सहायता कटौतीहरूले यमनमा जीवन बचाउने कार्यक्रमहरू बन्द भएको छ। यसरी बन्द हुने पुगेका कार्यक्रमहरूमा बालबालिका, गर्भवती र स्तनपान गराइरहेका आमाहरूको लागि कुपोषणको उपचार, लिङ्गमा आधारित हिंसाबाट बचेकाहरूका लागि सुरक्षित आश्रय र हैजा तथा अन्य रोगहरूबाट पीडित बालबालिकाहरूको लागि स्वास्थ्य सेवा कार्यक्रमहरू रहेका छन्।

"एम्नेस्टी इन्टरनेसनलले नियममा आधारित व्यवस्थालाई कमजोर पारिरहेको दोहोरो मापदण्डहरूको बारेमा लामो समयदेखि चेतावनी दिँदै आएको छ। आजको मितिसम्मको निर्बाध पछाडि हट्ने क्रमको प्रभाव सन् २०२४ मा नयाँ गहिराइमा पुगेको छ, त्यो चाहे गाजामा होस् वा प्रजातान्त्रिक गणतन्त्र कंगोमा होस्। विधिको शासनलाई विश्वव्यापी रूपमा पालना गर्न विफल भएर यस्तो अस्तव्यस्तताको लागि मार्ग प्रशस्त गरिसकेपछि अन्तर्राष्ट्रिय समुदायले अब जिम्मेवारी वहन गर्नुपर्छ," आग्नेस कालामारले भनिन्।

"यी विफलताहरूको मूल्य ज्यादै ठूलो छ। यसबाट होलोकास्ट र दोस्रो विश्वयुद्धको भयावहतापछि मानव जातिको रक्षार्थ निर्माण गरिएका महत्त्वपूर्ण सुरक्षा संयन्त्रहरूमा क्षति हुन पुगेको छ। धेरै अपूर्णताहरूको बावजुद् बहुपक्षीय प्रणालीको विनाश कुनै समाधान होइन। यसलाई सबलिकरण गरिनुपर्छ र यसका लागि पुनर्कल्पना पनि आवश्यक हुन सक्छ। तथापि सन् २०२४ मा यस प्रणालीमा थप क्षति भएको देखेपछि आज ट्रम्प प्रशासन लोभ, निर्दयी नीजि स्वार्थ र केही थोरैको प्रभुत्वमा चुर्लुम्म डुबेको कारोबारी सिद्धान्तमार्फत हाम्रो संसारलाई पुनर्संरचना गर्नका लागि बहुपक्षीय सहयोगको अवशेषहरूलाई धूलिसात् पार्न उद्यत देखिन्छ।"

## सरकारहरूले भावी पुस्तालाई त्यागिरहेका छन्

*विश्वको मानवअधिकारको अवस्था* प्रतिवेदनले जलवायु संकटलाई सम्बोधन गर्न, बढ्दो असमानतालाई उल्टयाउन र कर्पोरेट शक्तिलाई नियन्त्रण गर्नमा भएको सामूहिक विफलताका कारण विश्वले भावी पुस्तालाई सदा भन्दा झन कठोर अस्तित्वमा धकेलिरहेको स्पष्ट प्रमाण प्रस्तुत गर्दछ।

एकातिर धनी देशहरूले कम आय भएका राष्ट्रहरूलाई उपहासपूर्ण जलवायु वित्तपोषण सम्झौताहरूलाई स्वीकार गर्न दबाब दिँदा र अर्कोतिर ठूलो संख्याका जीवाष्म इन्धन पैरवीकर्ताहरूले जीवाष्म इन्धनको प्रयोगलाई न्यायसङ्गत हिसाबमा चरणबद्ध अन्त्य गर्नेसम्बन्धीको प्रगतिलाई अवरोध पुर्याउँदा कोप २९ (COP29) एउटा दुर्गति बन्न पुग्यो। पेरिस सम्झौता त्याग्ने राष्ट्रपति ट्रम्पको लापरवाहपूर्ण निर्णय र उनको *"ड्रिल, बेबी ड्रिल"* नाराले यी विफलताहरूलाई अझ जटिल बनाएको छ र यसले अरूलाई पनि त्यसै गर्न प्रोत्साहित गर्न सक्छ।

"सन् २०२४ अहिलेसम्मकै सबैभन्दा तातो वर्ष रह्यो र पूर्व-औद्योगिक स्तरभन्दा १.५ डिग्री सेल्सियसभन्दा बढी तापक्रम हुन पुगेको यो पहिलो वर्ष थियो। दक्षिण एसिया र युरोपलाई तहसनहस पारेका बाढी, दक्षिणी अफ्रिकालाई तहसनहस बनाएको खडेरी, अमेजनको घना जङ्गलको विशाल क्षेत्रमा दन्किएको आगो र संयुक्त राज्य अमेरिकामा वितण्डा मच्चाएको आँधीबेहरीले विश्वव्यापी तापक्रममा भएको अहिलेकै स्तरको वृद्धिबाट देखिएको विशाल मानवीय मूल्यलाई उजागर गरेको छ। हालसालै क्यालिफोर्नियामा सल्केको डढेलोले दिएको सन्देश झैं यस शताब्दीमा अनुमान गरिएको ३ डिग्री सेल्सियस तापक्रम वृद्धिबाट हुने बढ्दो गतिको चरम अप्राकृतिक प्रकोपहरूबाट आफू पनि मुक्त नभएको धनी राष्ट्रहरूलाई थाह छ। तर के उनीहरूले यसलाई संबोधन गर्ने सवालमा कुनै कारबाही गर्नेछन् त?" आग्नेस कालामारले भनिन्।

सन् २०२४ मा व्यापक मुद्रास्फीति, कमजोर कर्पोरेट नियमन, व्यापक कर दुरुपयोग र बढ्दो राष्ट्रिय ऋणका कारण राष्ट्रहरू भित्रै र राष्ट्रहरूका बीच चरम गरिबी र असमानता गहिरिँदै गयो। तथापि धेरै सरकार र राजनीतिक आन्दोलनहरूले अपराध र आर्थिक गतिहीनताको लागि आप्रवासी र शरणार्थीहरूलाई बलिको बोका बनाउन नक्षवादी र विदेशीद्वेषी शब्दाडम्बरी बयानबाजीलाई प्रयोग गरे। यसैबीच, यो दशकलाई विश्व बैंकले विश्वव्यापी गरिबी न्यूनीकरणका सवालमा एउटा "खेर गएको दशक" हुन सक्ने भनी चेतावनी दिँदै गर्दा पनि अर्बपतिको सङ्ख्या र तिनीहरूको सम्पत्ति भने वृद्धि भइरहेको छ।

लैङ्गिक समानता र पहिचानमाथि भइरहेको बढ्दो आक्रमणका बीचमा धेरै महिला, बालिका र एलजिबिटिआइ व्यक्तिहरूको भविष्य झन धेरै अन्धकारमय देखिन्छ। अफगानिस्तानमा तालिबानले महिलाहरूको सार्वजनिक अस्तित्वमा अझ बढी कठोर प्रतिबन्धहरू लगायो। उता इरानी अधिकारीहरूले अनिवार्य बुर्का लगाउने कुरालाई अवज्ञा गर्ने महिला र बालिकाहरूमाथिको निर्मम कारबाहीलाई अझ तीव्र बनाए। मेक्सिको र कोलम्बियामा आफ्ना हराएका प्रियजनहरूको खोजी गर्ने महिलाहरूको समूहले सबै प्रकारका धम्की र आक्रमणहरूको सामना गरे।

मलावी, माली र युगान्डाले वयस्कहरूबीच सहमतिमा हुने समलिङ्गी सम्बन्धलाई प्रतिबन्ध लगाउने वा अपराधीकरण गर्नेतर्फ कदम चालेका छन्। जर्जिया र बुल्गेरियाले भने अनुमानित "एलजिबिटिआइ प्रचारवाजी" लाई दबाउने सवालमा रूसको नेतृत्वलाई पछ्याएका छन्। विभेदलाई सम्बोधन गर्ने प्रयासहरूलाई तहसनहस पारेर, पारलिङ्गी अधिकारमाथि निरन्तर आक्रमण गरेर र विश्वभरीका महिला र बालिकाहरूलाई सहयोग गर्ने स्वास्थ्य, शिक्षा र अन्य कार्यक्रमहरूको लागि आर्थिक सहयोग अन्त्य गरेर ट्रम्प प्रशासनले लैङ्गिक न्याय विरुद्धको विश्वव्यापी प्रतिघातलाई थप आक्रामक बनाउँदैछ।

नयाँ प्रविधिहरूलाई पर्याप्त रूपमा नियमन गर्न विफल भएर, निगरानी उपकरणहरूको दुरुपयोग गरेर र आर्टिफिसियल इन्टेलिजेन्सको बढ्दो प्रयोगमार्फत विभेद र असमानताको जरालाई अझ गहिराइमा पुर्याएर सरकारहरूले वर्तमान र भावी पुस्तालाई थप हानि पुऱ्याइरहेका छन्।

प्रविधि फर्महरूले लामो समयदेखि विभेदकारी र अधिनायकवादी अभ्यासहरूलाई सहजीकरण गर्दै आएका छन्। तेस्रो-पक्ष तथ्य-जाँचको प्रावधानलाई हटाउने मेटाको कदम लगायत सुरक्षात्मक प्रावधानहरू हटाउन र घृणायुक्त तथा हिंसात्मक सामग्री फैलाउन सहज बनाउने व्यापार मोडेललाई दोब्बर बनाउन सामाजिक सञ्जाल कम्पनीहरूलाई उत्प्रेरित गर्दै राष्ट्रपति ट्रम्पले यो प्रवृत्तिलाई थप जटिल बनाएका छन्। ट्रम्प प्रशासन र प्रविधि फर्मका अर्बपति मालिकहरू जसरी एकै ठाउँमा पङ्क्तिबद्ध भएका छन् त्यसले व्यापक भ्रष्टाचार, गलत सूचना, दण्डहीनता र राज्यको शक्तिलाई कर्पोरेट जगतद्वारा कब्जा गरिएको युगतर्फ ढोका खोल्ने जोखिम पैदा भएको छ।

"राष्ट्रपतिको सपथ र उद्घाटन कार्यक्रममा प्रविधिका अर्बपति मालिकहरूलाई प्रमुख स्थानमा आसन गराउनेदेखि लिएर संसारको सबैभन्दा धनी व्यक्तिलाई अमेरिकी सरकारी संयन्त्रमा अभूतपूर्व पहुँच प्रदान गर्नेसम्मको चालबाट राष्ट्रपति ट्रम्पले आफ्ना नीजि स्वार्थ पूर्तिका लागि उद्यत र कर्पोरेट जगतका सहयोगी पात्रहरूलाई मानवअधिकार वा विधिको शासनको समेत अलिकति पनि पर्वाह नगरी अन्धाधुन्ध उपद्रव मच्चाउन छाडा छोड्नेछन् भन्ने देखिन्छ" आग्नेस कालामारले भनिन्।

## अन्तर्राष्ट्रिय न्याय पालनाका लागि महत्त्वपूर्ण प्रयासहरू

शक्तिशाली राष्ट्रहरूको बढ्दो अवरोध र यसै वर्ष ट्रम्प प्रशासनले अन्तर्राष्ट्रिय फौजदारी अदालत (आईसिसि)का अभियोजकमाथि लगाएको लज्जास्पद प्रतिबन्धले उत्पन्न जटिलताका बाबजुद अन्तर्राष्ट्रिय न्याय र बहुपक्षीय निकायहरूले जवाफदेहिताका लागि आफ्नो प्रयास जारी राखेका छन्। यो प्रयासमा ग्लोबल साउथका सरकारहरूले विभिन्न महत्त्वपूर्ण पहलहरूको नेतृत्व गरेका छन्।

आईसिसिले इजरायल, गाजा, लिबिया, म्यानमार र रुसका वरिष्ठ सरकारी अधिकारी तथा सशस्त्र समूहका नेताहरूविरुद्ध पक्राउ पूर्जी जारी गरेको छ। संयुक्त राष्ट्रसंघले मानवताविरुद्धका अपराधसम्बन्धी अति आवश्यक सन्धि तयार पार्ने दिशामा महत्त्वपूर्ण कदम चाल्यो र हत्यासम्बन्धी मानवताविरुद्धको अपराधमा आईसिसिको पक्राउ पूर्जीअन्तर्गत पूर्व राष्ट्रपति रोड्रिगो दुतेर्तेलाई गिरफ्तार गरेर फिलिपिन्सले पनि न्यायको पक्षमा काम गरेको छ।

दक्षिण अफ्रिकाले इजरायलविरुद्ध जातीय संहार महासन्धिअन्तर्गत दायर गरेको मुद्दामा अन्तर्राष्ट्रिय न्यायालय (आईसिजे)ले तीनवटा अन्तरिम आदेश जारी गर्यो र इजरायलद्वारा भएको पूर्वी जेरुसलेमसहितको प्यालेस्टिनी भूमि कब्जालाई गैरकानूनी भएको घोषणा गर्दै आफ्नो राय फैसला सार्वजनिक गर्यो। संयुक्त राष्ट्रसंघको महासभाले पनि इजरायललाई उसले गरेको भूमि कब्जालाई अन्त्य गर्न आग्रह गरिएको प्रस्तावलाई पारित गर्यो। र सन् २०२५ को जनवरीमा ग्लोबल साउथका आठ राष्ट्रहरूले 'हेग समूह' गठन गरेका छन्। यो समूह इजरायलतर्फ हुने

हतियार ओसारपसार रोक्न र अन्तर्राष्ट्रिय कानुन उल्लंघनका लागि इजरायललाई जवाफदेही बनाउनका लागि प्रतिबद्ध छ।

“अन्तर्राष्ट्रिय कानुनलाई कमजोर बनाउनमा दृढ सङ्कल्पित शक्तिशाली राष्ट्रहरूको प्रयासलाई निष्तेज बनाउनमा दक्षिण अफ्रिका जस्ता राष्ट्र र अन्तर्राष्ट्रिय न्याय निकायहरूको प्रयासलाई हामी सराहना गर्दछौं। यसरी दण्डहीनतालाई चुनौती दिएर यी राष्ट्र तथा संस्थाहरूले सम्पूर्ण विश्वका लागि उदाहरण प्रस्तुत गरेका छन्। हामीले पछिल्ला केही महिनामा देखेको आईसिसिमाथिको बढ्दो आक्रमणले यो सन् २०२५ को एउटा मुख्य रणमैदानको रूपमा देखा पर्दैछ। अन्तर्राष्ट्रिय न्यायको सवालमा साथ र समर्थन उपलब्ध गराउन, पीडकहरूलाई जवाफदेही बनाउन र आईसिसि तथा उसका कर्मचारीहरूमाथि हुने असहयोग र प्रतिबन्धहरूबाट संरक्षण प्रदान गर्नका लागि सबै सरकारहरूले सक्दो प्रयास गर्नुपर्छ," आग्नेस कालामारले भनिन्।

"डरलाग्दा चुनौतीहरू देखिएपनि मानवअधिकारको विनाश अवश्यम्भावी भने छैन। इतिहासमा अधिनायकवादी अभ्यासहरूलाई उछिनेका साहसी व्यक्तिहरूका उदाहरण प्रशस्त छन्। सन् २०२४ मा धेरै राष्ट्रका जनताले मतपेटिकामार्फत अधिकार विरोधी नेताहरूलाई अस्वीकार गरेका छन् र विश्वभरका लाखौंले अन्यायको विरुद्ध आवाज उठाएका छन्। त्यसैले यो स्पष्ट छः हाम्रो बाटोमा जो कोही उभिए पनि हामीले मानवअधिकार खोस्न खोज्ने शक्ति र नाफाखोर लापरवाह राज्यसत्ताहरूको विरुद्ध प्रतिरोध गर्नै पर्छ र हामी यस्तो प्रतिरोध गर्न जारी राख्ने नै छौं। हाम्रो विशाल र अवचलित आन्दोलन यस धर्तीका सबै मानिसको अन्तर्निहित मर्यादा र मानवअधिकारप्रतिको साझा विश्वासमा सदासर्वदा एकताबद्ध रहनेछ।"

## समास

# विश्वव्यापी विश्लेषण

**एम्नेस्टी इन्टरनेसनलको सन् २०२४ को अनुसन्धानले वर्तमान विश्वव्यापी मानवअधिकार प्रवृत्तिको स्वरूप तयार पार्ने विभिन्न प्रमुख विषयवस्तुहरूमाथि प्रकाश पारेको छः सशस्त्र द्वन्द्वको समयमा अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घन, विमतिको दमन, विभेद, आर्थिक तथा जलवायु अन्याय र मानवअधिकारमाथि कुल्चन प्रविधिको दुरुपयोग। केही सीमित सकारात्मक विकासका बावजुद् राष्ट्रहरूले - त्यसमा पनि विशेषगरी शक्तिशाली राष्ट्रहरूले - अन्तर्राष्ट्रिय नियममा आधारित प्रणालीलाई कमजोर बनाउने कार्य जारी राखेका कारण र विभिन्न महादेशहरूमा अधिनायकवादी अभ्यासहरू फैलिएका कारण यीमध्येका धेरै प्रवृत्तिहरूले सन् २०२५ र त्यसपछि अझ नराम्रो हुँदै जाने जोखिमसहितको व्यवधानलाई प्रतिनिधित्व गर्दछन्।**

## सशस्त्र द्वन्द्वमा भएका उल्लङ्घनहरू

सन् २०२४ मा विभिन्न देशमा सर्वसाधारण गैरसैनिक जनसमुदायले युद्ध अपराध र गाजामा जातीय संहारको सामना गरे र सन् २०२५ मा उनीहरूले यही हविगत व्यहोरिरहेका छन्। अन्तर्राष्ट्रिय न्याय संयन्त्रहरूले केही अवस्थामा जवाफदेहिता कायम गर्नेतर्फ महत्त्वपूर्ण कदम चालेका भए तापनि अत्याचारहरूलाई अन्त्य गर्ने सवालमा अर्थपूर्ण कारबाही गर्ने प्रयासहरूलाई शक्तिशाली सरकारहरूले बारम्बार अवरुद्ध गरेका छन्।

### अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका अपराधहरू

सशस्त्र द्वन्द्वले बुर्किना फासो, क्यामरुन, मध्य अफ्रिकी गणराज्य (कार), प्रजातान्त्रिक गणराज्य कंगो (डिआरसि), इथियोपिया, इराक, इजरायल र अधिनस्थ प्यालेस्टिनी क्षेत्र (ओपिटि), लिबिया, माली, मोजाम्बिक, म्यानमार, नाइजर, नाइजेरिया, सोमालिया, दक्षिण सुडान, सुडान, सिरिया, युक्रेन र यमन लगायत विश्वभरीका लाखौं मानिसहरूको जीवनलाई तहसनहस पारेको छ। द्वन्द्वका पक्षहरू - सरकारी बल र सशस्त्र समूह - दुवैले गैरसैनिक व्यक्ति र नागरिक पूर्वाधारमाथि खुलेआम आक्रमण तथा गैरसैनिक सर्वसाधारणलाई मार्ने र घाइते बनाउने गरी अन्धाधुन्ध आक्रमणलगायतका कार्य गरी युद्ध अपराध र अन्तर्राष्ट्रिय मानवीय कानुनको अन्य गम्भीर उल्लङ्घनहरू गरेका छन्।

धेरै मानिस र विशेषगरी सीमान्तकृत समुदायकाहरूलाई शिक्षा, खाना, पानी, पर्याप्त आवास, स्वास्थ्य सेवा र सुरक्षाको अधिकारबाट वञ्चित गरिएको छ। सन् २०२४ को अगस्टमा सुडानको *जम्जाम* शिविरमा रहेका आन्तरिक रूपमा विस्थापित मानिसहरूका लागि संयुक्त राष्ट्रसंघले अनिकालको अवस्था पैदा भएको घोषणा गर्यो। सन् २०२४ मा एक करोड दस लाख व्यक्तिहरू आन्तरिक रूपमा विस्थापित हुन पुगेसँगै सुडानले विश्वको सबैभन्दा ठूलो विस्थापन सङ्कटको सामना गरिरहेको छ। रूसले युक्रेनका जनसंख्या केन्द्रहरूमा रहेका गैरसैनिक नागरिक र नागरिक पूर्वाधारहरूलाई लक्षित गरी मिसाइल र ड्रोन आक्रमण गर्न जारी राख्दा युक्रेनी

गैरसैनिकहरूको आधारभूत जीवन यापनको अवस्थामा ठूलो ह्रास आएको छ र यसबाट बालबालिका, वृद्धवृद्धा र अन्य जोखिममा रहेका समूहहरूले उच्च मूल्य चुकाउनु परेको छ। रूसले हिरासतमा राखिएका युक्रेनी गैरसैनिक र युद्धबन्दीहरूलाई जबर्जस्ती बेपत्ता पार्ने, यातना दिने र अन्य दुर्व्यवहार गर्ने कार्य पनि गरेको छ।

इजरायलद्वारा गाजामा गरिएको कारबाहीले प्यालेस्टिनी गैरसैनिकहरूमाथि भयङ्कर क्षति पुऱ्याएको छ र यो जातीय संहारकै तहमा पुगेको छ। यसैबीच अधिनस्थ *वेष्ट बैंक*मा इजरायलको रंगभेदी प्रणाली र गैरकानूनी कब्जा बढ्दो रूपमा हिंसात्मक बनेको छ। स्वेच्छाचारी हिरासत, गैरकानूनी हत्या र त्यहाँ बसोबास गर्ने इजरायलीहरूद्वारा प्यालेस्टिनी नागरिकहरूमाथि गरिने राज्य-समर्थित आक्रमणमा तीव्र वृद्धि भएको छ।

सन् २०२४ मा केही देशहरूमा द्वन्द्वसँग सम्बन्धित यौनजन्य तथा लिङ्गमा आधारित अन्य हिंसाहरूमा डरलाग्दो वृद्धि भएको थियो। मध्य अफ्रिकी गणराज्यमा वर्षको पहिलो छ महिनामा लैङ्गिक हिंसाका ११,००० भन्दा बढी घटनाहरू सार्वजनिक भए। सुडानको लागि संयुक्त राष्ट्रसङ्घीय स्वतन्त्र अन्तर्राष्ट्रिय फ्याक्ट फाइन्डिङ्ग मिसनले ऱ्यापिड सपोर्ट फोर्स (आरएसएफ) का सदस्यहरूले सुडानमा व्यापक यौनजन्य हिंसा गरेको पत्ता लगायो।

सशस्त्र द्वन्द्वको सन्दर्भमा भएका केही उल्लङ्घनहरूले महिला र बालिकाहरूमा असमानुपातिक प्रभाव पारेको छ। गाजामा जबर्जस्ती विस्थापनका बहु लहरहरूले दश लाखभन्दा बढी प्यालेस्टिनीहरूको लागि अमानवीय अवस्था सिर्जना गरेको छ। तर गर्भवती एवं स्तनपान गराउने महिलाहरूलाई विशेष असर गरेको छ। उत्तर पूर्वी सिरियामा हजारौं महिला र किशोरीहरूलाई उनीहरूका पुरुष आफन्तहरू इस्लामिक स्टेट सशस्त्र समूहसँग आबद्ध रहेको कारण कुनै अभियोग वा पुर्पक्ष बिना पाँच वर्षभन्दा बढी समयदेखि शिविर वा हिरासत स्थलहरूमा राखिएको छ।

प्रणालीगत नक्षवादले द्वन्द्वलाई बढाएको छ। इजरायलमा राजनीतिक नेताहरूले प्यालेस्टिनीहरूविरुद्ध अमानवीय शब्दाडम्बरी बयानबाजीको प्रयोग गरेका छन्। म्यानमारमा रोहिंग्याहरूले नक्षवादी आक्रमणहरूको सामना गरिरहनु परेको छ जसले गर्दा धेरै जना *राखाइन* राज्यस्थित आफ्नो मातृभूमिबाट भाग्न बाध्य भएका छन्। सुडानमा नागरिकहरूमाथि गरिएका *आरएसएफ*का केही आक्रमणहरू जातीय रूपमा प्रेरित छन्। यसैक्रममा रूसले आफूले कब्जा गरेको युक्रेनी भूभागहरूको जनसांख्यिकी नै परिवर्तन गर्न खोजेको छ र युक्रेनी तथा अन्य स्थानीय भाषा र संस्कृतिलाई दबाएको छ।

विश्वभरी लाखौं मानिसले सशस्त्र द्वन्द्वका पक्षहरूले गरेका अपराधहरूको विरोध गरेका छन्। तथापि, सशस्त्र द्वन्द्वका पक्षहरूलाई अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना गराउन वा गैरसैनिकहरूको आवश्यकता अनुरूप मानवीय सहायता सुनिश्चित गर्नका लागि दबाब दिन बहुपक्षीय संस्थाहरू विशेषगरी संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद् प्रायः असमर्थ वा अनिच्छुक भएका

छन्। फलस्वरूप, यी संस्थाहरूले वैधता गुमाउँदै गएका छन् र तिनीहरूको निरन्तर अस्तित्वमाथि प्रश्न उठिरहेको छ।

सन् २०२४ भरी सरकारहरू - एक्लै र बहुपक्षीय रूपमा - अत्याचारहरूलाई अन्त्य गर्नका लागि अर्थपूर्ण कदम चाल्न बारम्बार विफल रहे। संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य र युरोपियन युनियन (इयु) का धेरै राष्ट्रहरूले गाजामा इजरायलले गरेको कारबाहीलाई सार्वजनिक रूपमा समर्थन गरे। अमेरिकाले आफ्नो भिटो शक्तिको दुरुपयोग गर्यो, जसको परिणामस्वरूप महिनौंसम्म संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्ले कुनै प्रभावकारी कारबाही गर्न सकेन र सन् २०२४ को मार्च २५ मा केबल एउटा तत्काल तर सीमित युद्धविरामको आह्वान गर्यो। त्यसमा पनि अमेरिकाले आफ्नो सहयोगीलाई उक्त प्रस्तावको अनुपालनबाट जोगाउने प्रयासमा उक्त प्रस्तावलाई गैर-बाध्यकारी घोषणा गरेर सुरक्षा परिषद्लाई कमजोर बनायो। संयुक्त राष्ट्रसंघको महासभाले भने केही थप कडा कदम चालेको थियो। महासभाले सन् २०२४ को सेप्टेम्बर मा १२ महिना भित्र प्यालेस्टाइनमाथि इजरायलको कब्जा अन्त्य गर्न आह्वान गर्दै एउटा संकल्प प्रस्ताव पारित गर्यो र सन् २०२४ को अक्टोबरमा गाजामा स्थायी युद्धविराम, सबै बन्धकहरूको रिहाइ र मानवीय सहायतालाई गाजाका सम्पूर्ण क्षेत्रमा द्रुत, सुरक्षित र निर्बाध प्रवेशको लागि आह्वान गर्दै र प्यालेस्टिनी शरणार्थीहरूका लागि काम गर्ने संयुक्त राष्ट्रसंघीय निकाय (उनरा)लाई पूर्ण समर्थनको पुनर्प्रतिबद्धता जनाउँदै अन्य दुई संकल्प प्रस्तावहरू पारित गर्यो। सन् २०२४ को नोभेम्बरमा रूसले सुडानमा गैरसैनिकहरू विरुद्ध आक्रमण अन्त्य गर्न र ज्यादै हतास आवश्यकतामा रहेका त्यहाँका दशौं लाख मानिसलाई मानवीय सहायताको सहजीकरण गर्न आह्वान गर्दै अगाडि सारिएको संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्को प्रस्तावमा भिटो प्रयोग गर्यो।

**सरकारहरूले संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्लाई सुधार गर्नुपर्छ ताकि स्थायी सदस्यहरूले आफ्नो भिटो शक्ति प्रयोग गरेर अत्याचारी अपराधहरूको अन्त्य र समाधान गर्ने उद्देश्यले गरिने कार्यलाई रोक्न नसकून्। उनीहरूले आवश्यकतामा रहेका गैरसैनिकहरूको लागि मानवीय सहायता पनि बढाउनु पर्छ।**

**जवाफदेहीता**

अफगानिस्तान र नाइजेरिया जस्ता केही देशहरूमा अन्तर्राष्ट्रिय फौजदारी अदालत (आईसिसि)को कार्यहरू अपर्याप्त भए पनि यसले इजरायल एवं अधिनस्थ प्यालेस्टिनी क्षेत्र, लिबिया र म्यानमारमा जवाफदेहीता कायम गर्नेतर्फ महत्त्वपूर्ण कदमहरू चालेको छ। सन् २०२४ को अक्टोबरमा आईसिसिले युद्ध अपराधको लागि लिबियामा सशस्त्र समूह *अल-कानियत*का छ नेताहरू, वरिष्ठ सदस्यहरू र सहयोगीहरू विरुद्ध पक्राउ पूर्जी जारी भएको घोषणा गर्यो। सन् २०२४ को नोभेम्बरमा आईसिसिका अभियोजकले सन् २०१७ मा सैन्य कारबाहीको क्रममा रोहिंग्याहरू विरुद्ध भएको मानवता विरुद्धको अपराधको लागि सेनाका वरिष्ठ जनरल मिन आङ ह्लाइङका विरुद्ध पक्राउ पूर्जी जारी गर्न माग गर्यो। सोही महिनामा आईसिसिले युद्ध अपराध र मानवता विरुद्धको अपराधको आरोपमा इजरायली र हमास नेताहरू विरुद्ध पक्राउ पूर्जी जारी जारी गर्यो।

केही देशहरूले इजरायली अधिकारीहरूविरुद्धको आईसिसि पक्राउ पूर्जीलाई कार्यन्वयन गर्ने कुरा स्पष्ट पारे। यद्यपि, इजरायलका धेरै सहयोगीहरूले त्यसो नगर्ने घोषणा गरेका छन्। त्यसैगरी सन् २०२३ को मार्चमा युद्ध अपराधको लागि आइसिसिद्वारा पक्राउ पूर्जी जारी गरिएका रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले सन् २०२४ को सेप्टेम्बरमा मंगोलिया भ्रमण गर्दा रोम विधानको पक्ष राष्ट्रको रूपमा उनलाई गिरफ्तार गरी आफ्नो दायित्व पूरा गर्नमा मंगोलिया विफल भयो।

दक्षिण अफ्रिकाले जातीय संहार महासन्धिअन्तर्गत इजरायल विरुद्ध दायर गरेको मुद्दामा अन्तर्राष्ट्रिय न्यायालयले सन् २०२४ मा तीनवटा अन्तरकालीन आदेशहरू जारी गर्यो र प्यालेस्टिनी भूभागमा इजरायलको कब्जालाई गैरकानूनी भएको ठहर गर्दै एक न्यायिक राय जारी गर्यो। इजरायलमा हतियार निर्यातलाई निलम्बन गर्न संयुक्त राष्ट्रसंघका विज्ञहरूले गरेको आह्वानलाई बेल्जियम र स्पेन लगायत केही राष्ट्रहरूले पालना गरेका छन्। नागरिक समाजका अभियन्ताहरूले डेनमार्क, फ्रान्स, नेदरल्याण्ड्स र बेलायत जस्ता देशमा ती देशहरूले इजरायललाई गरेका हतियार हस्तान्तरणलाई मुद्दा दायर गरी कानुनी चुनौती दिएका छन्। इजरायललाई हतियार प्रदान गर्ने सबैभन्दा ठूलो निर्यातकर्तामा अमेरिकाले नै निरन्तरता पाएको छ। चेक गणराज्य, फ्रान्स र जर्मनी लगायतका केही युरोपेली देशहरूले विगतका दुर्व्यवहारहरूको लागि जवाफदेहिताको अभाव भएका देश तथा गम्भीर उल्लङ्घन गर्न वा उल्लङ्घनलाई सहजीकरण गर्नमा हस्तान्तरणबाट प्राप्त भएका हतियारको प्रयोग गरिन सक्ने पर्याप्त जोखिम रहेका इजराइल, साउदी अरबिया र संयुक्त अरब इमिरेट्स (युएई) जस्ता देशहरूमा हतियार हस्तान्तरण गर्न जारी राखेका छन्।

**सरकारहरूले अन्तर्राष्ट्रिय फौजदारी अदालयलाई सहयोग गर्नुपर्छ। यसलाई र यसका कर्मचारीहरूलाई प्रतिबन्ध र अन्य धम्कीहरूबाट जोगाउनु पर्छ र यसका पक्राउ पूर्जीहरूलाई लागू गर्नुपर्छ। उनीहरूले हतियारको गैरजिम्मेवार हस्तान्तरणलाई पनि रोक्नुपर्छ।**

## विमतिको दमन

धेरै देशका अधिकारीहरूले अधिनायकवादी अभ्यासहरू प्रयोगमा ल्याएका छन् र अभिव्यक्ति, संघसंस्था र शान्तिपूर्ण भेलाको स्वतन्त्रतालाई संकुचित पार्न नयाँ उपायहरू लागू गरेका छन्। उनीहरूले मानवअधिकार रक्षक, आलोचक र विरोधीहरूलाई दबाउन वा जवाफदेहिता छल्न र शक्तिलाई बलियोसँग स्थापित गर्न यस्ता अभ्यासका साथै विद्यमान नियम-कानुनहरू प्रयोग गरेका छन्।

### भेला हुन पाउने स्वतन्त्रता

सन् २०२४ मा अर्जेन्टिना, जर्जिया, निकारागुआ, पाकिस्तान र पेरुमा विरोधको अधिकारसम्बन्धी नयाँ प्रतिबन्धात्मक नियमहरू अनुमोदन वा प्रस्ताव गरियो। टर्की लगायत केही देशहरूमा अधिकारीहरूले विरोध प्रदर्शनहरूमा आम प्रतिबन्ध लगाए।

सुरक्षा बलहरूले प्रायः क्रूर र घातक रूपमा विरोध प्रदर्शनहरू तितरबितर पारे र विरोध प्रदर्शनहरूलाई दबाउन सामूहिक स्वेच्छाचारी गिरफ्तारी र जबर्जस्ती बेपत्ता पार्ने कार्यको प्रयोग गरे। सन् २०२४ मा बंगलादेश, इजिप्ट, जर्जिया, गिनी, भारत, इन्डोनेसिया, जोर्डन, केन्या, मोजाम्बिक, नेपाल, नाइजेरिया, पाकिस्तान र सेनेगल लगायतका देशहरूमा दर्जनौं प्रदर्शनकारीहरूको हत्या र/वा सामूहिक गिरफ्तारी गरिएको दस्तावेजीकरण गरिएको थियो। बंगलादेशमा विद्यार्थीहरूको विरोध प्रदर्शनमा सशस्त्र बलहरू तैनाथ गरिएको थियो र "देख्ने बित्तिकै गोली हान्ने" आदेश जारी गरिएको थियो जसको परिणामस्वरूप लगभग एक हजारको मृत्यु भयो र कैयन अरू घाइते भए।

क्यानडा, इजिप्ट, फिजी, फिनल्याण्ड, जर्मनी, भारत, इटाली, मलेसिया, माल्दिभ्स र संयुक्त राज्य अमेरिका लगायत विश्वभर गाजामा युद्धको अन्त्यका पैरवीककर्ताहरूले हिंसा, उत्पीडन वा गिरफ्तारीको सामना गर्नुपर्‍यो।

प्रदर्शनकारीहरूविरुद्ध घातक र कम घातक हतियारहरूको प्रयोगले विश्वभर निरन्तर मृत्यु र घाइते हुने क्रम बढिरहेको छ। यद्यपि, अन्तर्राष्ट्रिय र कानुनी रूपमा बाध्यकारी यातना-मुक्त व्यापार सन्धिको लागि विश्वव्यापी नागरिक समाज अभियानले आफ्नो विश्वव्यापी पहुँच बढाइहेको छ र यसैको परिणामस्वरूप यस्तो सन्धिको आवश्यकतामा राष्ट्रहरूको ध्यान आकर्षित हुँदैछ र धेरै संयुक्त राष्ट्रसंघीय विशेष कार्यविधिहरूबाट मुखर समर्थन प्राप्त हुँदैछ।

सकारात्मक कदमहरूमध्ये सन् २०२४ को जुलाईमा पश्चिमी अफ्रिकन देशहरूको आर्थिक समूह (इकोनोमिक कम्युनिटि अफ वेस्ट अफ्रिकन स्टेट्स् (ECOWAS)) को अदालतले नाइजेरियाले *ह्यासट्याग एन्ड सार्स* (#EndSARS) विरोधकर्ताहरूको अधिकार उल्लङ्घन गरेको फैसला सुनायो। मेमा बेलायतमा विरोध प्रदर्शनलाई सङ्कुचित गर्ने गरी लागू गरिएको प्रहरीको शक्ति बढाउने नियमहरूलाई गैरकानूनी ठहर गरियो। सन् २०२४ डिसेम्बरमा सैनिक कानुन लागू भएको घोषणापछि दक्षिण कोरियाका राष्ट्रपतिले शान्तिपूर्ण सभाको अधिकार सहित मौलिक अधिकारहरू निलम्बन गर्दा आम जनआन्दोलनले सफलतापूर्वक उक्त कदमलाई चुनौती दियो। राष्ट्रिय सभाले यसलाई तुरुन्तै उल्ट्यायो र राष्ट्रपतिलाई पदबाट निलम्बन गरियो।

**सरकारहरूले विरोध प्रदर्शनकर्ताविरुद्ध गैरकानूनी रूपमा घातक र कम घातक हतियारहरू प्रयोग गर्न बन्द गर्नुपर्छ र संयुक्त राष्ट्रसंघीय यातनामुक्त व्यापार सन्धिमा छलफल गरी त्यसलाई अवलम्वन गर्ने दिशाका प्रयासहरूलाई दोबर बनाउनुपर्छ।**

## अभिव्यक्ति र संघसंस्थाको स्वतन्त्रता

सन् २०२४ मा अधिकारीहरूले अभिव्यक्ति स्वतन्त्रताको अधिकारमा नयाँ प्रतिबन्धहरू लागू गरे वा लागू गर्ने प्रयास गरे। अफगानिस्तान, बंगलादेश, बेलारुस, बुर्किना फासो, चीन (हङकङ सहित), इक्वेटोरियल गिनी, गाम्बिया, जर्जिया, जर्मनी, भारत, किर्गिस्तान, लेसोथो, मोल्दोभा, पाकिस्तान, पपुवा न्यु गिनी, रूस, श्रीलंका, ताजिकिस्तान, उज्बेकिस्तान र भियतनाम लगायतका देशहरूले अभिव्यक्ति स्वतन्त्रतालाई दबाउने वा मिडिया आउटलेटहरूमाथि प्रतिबन्ध लगाउने जोखिमता रहेका कानुन वा विधेयकहरूलाई अगाडि ल्याए।

आइभोरी कोस्ट, इथियोपिया, जर्जिया, गिनी, हंगेरी, किर्गिस्तान, निकारागुआ, पाराग्वे, रूस, रुवाण्डा, ताजिकिस्तान, थाइल्याण्ड, ट्युनिसिया, युगान्डा र भेनेजुएला लगायत देशका अधिकारीहरूले संघसंस्थाको स्वतन्त्रतालाई सङ्कुचित गर्न नयाँ उपायहरू अवलम्वन गरे। ती उपायहरूमा गैरसरकारी संस्था वा राजनीतिक दलहरूलाई विघटन गर्ने वा निलम्बन गर्ने वा तिनीहरूलाई "अतिवादी" घोषणा गर्ने आदि समावेश थियो।

समग्रमा, अभिव्यक्ति र संघसंस्थाको स्वतन्त्रतासम्बन्धी अधिकारमाथि व्यापक आक्रमणहरू जारी रहेका छन्। सरकारको दमनकारी रणनीतिहरूमा आलोचक र विरोधीहरूलाई स्वेच्छाचारी हिरासतमा लिने, यातना दिने र अन्यायपूर्ण अभियोजन गर्ने कार्यका साथै *स्पाइवेयर*को प्रयोग पर्दछन्। केही अवस्थामा उनीहरूले आलोचकहरूलाई गैरकानूनी तवरले मार्ने वा बलपूर्वक बेपत्ता पार्ने वा मृत्युदण्डको सजाय दिने कार्य गरेका छन्। यसरी लक्षित गरिएकामा पत्रकार, अनलाइन टिप्पणीकार, राजनीतिक तथा ट्रेड युनियन कार्यकर्ता र महिला, *एलजिबिटिआइ* व्यक्तिहरू र सीमान्तकृत समुदायको अधिकारका लागि अभियानरत मानवअधिकार रक्षकहरू समावेश छन्। सन् २०२४ मा बेलारुस, चीन, किर्गिस्तान, रूस, साउदी अरेबिया, ताजिकिस्तान र टर्की लगायतका देशहरूमा सामाजिक सञ्जाल लगायत स्पेसमा अभिव्यक्ति स्वतन्त्रता र सङ्ग सङ्गठनको अधिकारलाई प्रयोग गरेकै कारण दुषित पुर्पक्षहरूका बीच "आतंकवाद" वा "अतिवाद" सम्बन्धी अभियोगमा व्यक्तिहरूलाई दोषी ठहराएर जेल सजाय सुनाइएको थियो।

**सरकारहरूले अभिव्यक्ति स्वतन्त्रता र संघसंस्थाको अधिकार उल्लङ्घन गर्ने कानुनहरू खारेज गरी त्यस्ता अभ्यासहरूको अन्त्य गर्नुपर्छ।**

## विभेद

नश्लीय र विभेदका अन्य स्वरूपले धेरै देशहरूको शरणार्थी तेथा आप्रवासनको दृष्टिकोणलाई निर्देशित गरेको छ र यसले सीमान्तकृत समूहहरूको अधिकारमा असर पारेको छ। यसैबीच, मानवअधिकारमाथिको थप सङ्कुचनहरूलाई वैधता दिलाउन र सत्तामा रहेकाहरूलाई आफ्नो नियन्त्रण अझ बलियो बनाउन सहज बनाउने उद्देश्यका साथ सीमान्तकृत समूहहरूलाई बलिको बोका बनाउँदै राजनीतिक वा आर्थिक स्थिरताको लागि खतराको रूपमा प्रस्तुत गरिएको छ। सन् २०२५ मा *एलजिबिटिआइ* व्यक्तिहरूको अधिकार र यौनिक तथा प्रजनन अधिकारको क्षेत्रमा प्रगति र पश्चगमन दुवै भएको छ।

## शरणार्थी र आप्रवासी अधिकार

नश्लीय र दमनका अन्य स्वरूहरूले धेरै देशहरूको शरणार्थी तथा आप्रवासनको दृष्टिकोणलाई निर्देशित गर्ने क्रम जारी छ। विभेदपूर्ण नीति र अभ्यासहरूले जातीय हिसाबमा व्यवहार गरिएका आप्रवासी समूह, शरणार्थी र अन्य गैरनागरिकहरूलाई असमानुपातिक असर गरेको छ।[१] क्यानडा, कतार र साउदी अरेबिया लगायत धेरै देशहरूले जातिवादबाट निर्देशित भिसा योजनाहरूको सञ्चालन जारी राखेका छन् र आप्रवासी श्रमिकहरूलाई निश्चित रोजगारदातासँग बन्धनमा राख्ने गरेका छन् जसका कारण उनीहरूमाथि श्रम शोषणको जोखिम बढेको छ। राज्य र गैरराज्य पक्षहरूले आप्रवासन व्यवस्थापन र शरणार्थी प्रणालीहरूमा दुर्व्यवहारी डिजिटल प्रविधिलाई परिचालन गर्ने तथा त्यसको दुरुपयोग गरेका छन्।[२]

विश्वभरका सरकारहरूले अनियमित आगमनलाई रोक्न र त्यस्लाई निरूत्साहित गर्न चरम र हिंसात्मक कदमहरू चालेका छन्। यसमा शरणार्थी र आप्रवासीहरूसम्बन्धी जिम्मेवारीलाई अन्य देशहरूमा पन्छाउने, सीमा बन्द गर्ने र सामूहिक रूपमा फिर्ता पठाइदिने कार्यहरू समावेश छन्। सन् २०२४ मा इजिप्टले सयौं सुडानी शरणार्थीहरूलाई जबर्जस्ती सुडान फिर्ता पठाउनु अघि स्वेच्छाचारी रूपमा हिरासतमा राख्यो। उनीहरू छिमेकी देशहरूमा प्रायः गम्भीर अवस्थामा बसिरहेका ३२ लाख भन्दा बढी सुडानी शरणार्थीहरूमध्येकै थिए। पाकिस्तानी अधिकारीहरूले गैरकानूनी निर्वासन नीति पछ्याउँदै लाखौं शरणार्थीहरूलाई जबर्जस्ती अफगानिस्तान फिर्ता पठाए। अमेरिकाले अमेरिका-मेक्सिको सीमामा शरणको खोजी गर्दै आएकाहरूको प्रवेशलाई निलम्वन गर्यो जसले गर्दा उनीहरू जबर्जस्ती असुली, अपहरण र यौनजन्य तथा लिङ्गमा आधारित हिंसाको शिकार भए। बेलारुसले शरणार्थी र आप्रवासीहरूलाई इयूसँगको सिमाना पारी बलपूर्वक पठाउन जारी राख्यो जसको परिणामस्वरूप दारुण अवस्थामा केहीको मृत्यु भयो। आप्रवासन व्यवस्थापनको लागि तेस्रो देशहरूमाथिको निर्भरता घटाउन वा शरणार्थीहरूको लागि सुरक्षित र कानुनी मार्गहरू विस्तार गर्न अन्य युरोपेली देश र युरेपेली सङ्घ असफल भए।

अनियमित आप्रवासनप्रति सरकारको दुर्व्यवहारी प्रतिक्रियाले आप्रवासी, शरणको खोजी गर्नेहरू र शरणार्थीहरूको अधिकारलाई कायम राख्ने गरी भएका न्यायिक आदेशहरूलाई बेवास्ता वा छल्ने गरेका कारण विधिको शासनलाई पनि कमजोर बनाएको छ। ग्रीसले युरोपेली मानवअधिकार अदालतको फैसलालाई निरन्तर बेवास्ता गर्दै आएको छ। उदाहरणका लागि सन् २०२४ मा युरोपेली मानवअधिकार अदालतले सन् २०१४ मा भएको एउटा सामुद्रिक हस्तक्षेपको क्रममा ग्रीसले जीवनको अधिकारको उल्लङ्घन गरेको फैसला गरेको अवस्था हुँदा पनि सीमा नियन्त्रण कारबाहीमा उसको तटरक्षकहरूद्वारा हुने बन्दुक सहितको हतियारको प्रयोग चिन्ताको विषय बनेको छ। शरणको खोजी गरिरहेकाहरूलाई जबर्जस्ती हटाउन सकिने योजनालाई पछ्याइरहेको संयुक्त अधिराज्यले रुवाण्डा सुरक्षित देश होइन भनी सन् २०२३ मा सर्वोच्च अदालतले गरेको फैसलालाई सन् २०२४ मा उल्टाउन खोज्यो। तर सरकार परिवर्तन भएपपछि भने उक्त योजनालाई खारेज गरियो।

यसको ठीक विपरीत विश्वभरीका सामुदायिक प्रायोजन समूहहरूले ऐक्यबद्धताको ठोस अभिव्यक्तिका साथ यस्तो नश्लवाद र बहिष्करणको प्रतिरोध गरिरहे।

**सरकारहरूले असमानता र बहिष्करणलाई प्रभावकारी रूपमा सम्बोधन गर्ने आप्रवासन नीतिहरू अपनाउनु पर्छ।**

## जातीय विभेद

जातीयकरणमा परेका, जातीय, अल्पसंख्यक र अन्य सीमान्तकृत समूहहरूले प्रणालीगत विभेद र गहिरो जरा गाडेर बसेको असमानताको सामना गरिरहेका छन् जसले उनीहरूको मानवअधिकारलाई गहिरो रूपमा असर पारेको छ।

सन् २०२४ को एउटा सकारात्मक कदममा ताइवानका आदिवासी जनताहरूले आधिकारिक कागजातहरूमा म्यान्डारिन भाषाको संस्करणको सट्टा आफ्नो आदिवासी नामलाई प्रयोग गर्ने अधिकार प्राप्त गरे। यद्यपि धेरै देशहरूमा आदिवासी जनताहरूको अधिकारको सम्मानमा व्यवधानहरू आए। न्यूजील्याण्ड सरकारले माओरीहरूको अधिकारलाई कमजोर बनाउने नयाँ कानुनहरू लागू गर्यो। बोलिभिया, इन्डोनेसिया र मलेसिया लगायतका देशका सरकारहरूले आदिवासीहरूले दाबी गरेको भूमिमा उनीहरूको स्वतन्त्र, पूर्व र सुसूचित सहमति बेगर उत्खनन वा विकास परियोजनाहरू अगाडि बढाए।

कानुन कार्यन्वयन र कल्याणकारी गतिविधि जस्ता क्षेत्रहरूमा जातीय रूपमा *प्रोफाइलिङ* गर्ने क्रम र संस्थागत नश्लवाद कायमै रहेको छ जसले यी अन्यायहरूको सर्वव्याप्त प्रकृतिमाथि प्रकाश पारेको छ। अमेरिकी महादेशमा कानुन कार्वान्वयनका कार्यहरूले ब्राजिल, इक्वेडर र संयुक्त राज्य अमेरिका लगायतका देशहरूमा अफ्रिकी वंशजका व्यक्तिहरूलाई लक्षित गरेको वा असमानुपातिक रूपमा असर पुर्याएको छ। एसियामा चीनका गैरहान जातीय समूहहरू र ताजिकिस्तानका पामिरी अल्पसंख्यक जस्ता जातीय र धार्मिक अल्पसंख्यकहरूले उत्पीडन र प्रणालीगत विभेदको सामना गरेका छन्। युरोपमा नर्वे र स्विट्जरल्याण्डले विभेदपूर्ण जातीय रूपमा प्रोफाइलिङ गर्ने कार्यलाई प्रयोग गरेका छन् भने डेनमार्क, नेदरल्याण्ड्स र स्वीडेनमा स्वचालित कल्याणकारी प्रणालीहरूले जातीयताको रूपमा हेरिएका व्यक्तिका साथै महिला तथा न्यून आय भएका व्यक्तिहरू विरुद्ध विभेदकारी अभ्यासहरू सिर्जना गरेको छ।

बेलायत र अन्य देशहरूमा सामाजिक सञ्जाल प्लेटफर्महरूद्वारा भएको हानिकारक सामग्रीको विस्तारले नश्लवादी र विदेशीप्रति घृणाजन्य हिंसा फैलाउन भूमिका खेलेको छ।

उपनिवेशवादको विरासतमा काम गर्ने विज्ञ, अभियन्ता र संस्थाहरूले सरकारहरूलाई उनीहरूको औपनिवेशिक विगत र त्यसबाट सिर्जना भई अहिलेसम्म जारी रहेका मानवअधिकार प्रभावलाई सम्बोधन गर्न निरन्तर आह्वान गरेका छन्। अगस्टमा अन्तरअमेरिकी मानवअधिकार आयोगले संरचनात्मक नश्लवाद र जातीय विभेदले अफ्रिकी वंशजका मानिस र आदिवासी समुदायहरूको

अधिकारको पूर्ण उपभोगमा अवरोध सिर्जना गरेको कुरालाई मान्यता दियो र राष्ट्रहरूलाई विस्तृत परिपूरणीय न्याय कार्यन्वयनका लागि आह्वान गर्‍यो। नोभेम्बरमा अफ्रिकी महादेश र यसका विश्वव्यापी डायस्पोराका विज्ञहरूले १४० वर्ष अघि भएको १८८४-१८८५ बर्लिन अफ्रिका सम्मेलनको उपनिवेशमुक्त प्रति संस्करण “डेकोलोनियाल बर्लिन अफ्रिका सम्मेलन”मा युरोपेली सरकारहरूलाई उनीहरूको औपनिवेशिक विगत र वर्तमानमा जारी त्यसको प्रभावलाई सम्बोधन गर्न आह्वान गरे।[३]

**सरकारहरूले कानुन र अभ्यासहरूमा अन्तर्निहित जातीय विभेदलाई अन्त्य गर्नुपर्दछ, दासत्व र उपनिवेशवादको लागि परिपूरणीय न्यायको प्रश्नलाई सम्बोधन गर्नुपर्छ र नश्लवाद तथा असमानताको समकालीन स्वरूपहरूमा यी ऐतिहासिक अन्यायहरूको विरासतलाई चुनौती दिनुपर्छ।**

## लिङ्गमा आधारित विभेद र हिंसा

लैङ्गिक समानताप्रतिको प्रतिरोध धेरै सन्दर्भहरूमा बढेको छ। लिङ्गमा आधारित विभेद र महिला, किशोरी तथा एलजिबिटिआइ व्यक्तिहरू र विशेषगरी विभेदका विविध र अन्तर्सामूहिक स्वरूपहरू अनुभव गरिरहेका व्यक्तिहरू विरुद्ध हिंसा व्यापक छ। महिला र बालिकाहरू लैङ्गिक उत्पीडन (जुन एउटा मानवता विरुद्धको अपराध हो) को शिकार भइरहेको अफगानिस्तानमा तालिबानले सन् २०२४ मा उनीहरूलाई सार्वजनिक जीवनबाट पूर्ण रूपमा अलग गर्दै र उनीहरूको जीवनका सबै पक्षहरूलाई पूर्णत सीमित गर्दै अझ कडा प्रतिबन्धहरू लगाए। अर्जेन्टिनामा सन् २०२४ मा प्रत्येक ३३ घण्टामा महिला हत्याको रिपोर्ट गरिएको थियो। इरानमा अधिकारीहरूले बुर्का लगाउनुपर्ने बाध्यकारी नियमलाई अवज्ञा गर्ने महिला र किशोरीहरूउपर क्रूर कारबाहीलाई तीव्र बनाए।

केही अवरोधहरूको बावजुद् सन् २०२४ मा एलजिबिटिआइ व्यक्तिको अधिकारमा केही प्रगति भयो। थाइल्याण्ड एलजिबिटिआइ व्यक्तिहरूको लागि वैवाहिक समानता हासिल गर्ने दक्षिण-पूर्वी एसियाको पहिलो देश बन्यो। त्यस्तै जापानमा समलिङ्गी विवाहमाथिको प्रतिबन्ध असंवैधानिक भनेर फैसला गरियो। ग्रीस र चेक गणतन्त्रमा समलिङ्गी विवाहलाई वैधानिकता दिइयो। जापान, दक्षिण कोरिया र ताइवानका अदालतहरूले लैङ्गिक पहिचानलाई दावी गर्ने अभ्यासहरूको सन्दर्भमा पारलिङ्गी व्यक्तिहरूको अधिकारलाई मान्यता प्रदान गर्ने सवालमा प्रगतिहरू हाँसिल गरे। नामिबियामा उच्च अदालतले सहमतिमा गरिने समलिङ्गी यौन आचरणलाई गैरकानूनी बनाउने कानुनलाई खारेज गर्‍यो। यद्यपि सरकारले त्यसपछि उक्त निर्णयविरूद्ध पुनरावेदन गर्‍यो।

यसका साथै अधिकार विरोधी र लैंगिकता विरोधी अभियानहरूद्वारा सञ्चालित विभेद र दमनकारी कानुनहरूको विस्तारको माध्यमबाट एलजिबिटिआइ व्यक्तिहरूको अधिकार विरुद्धको प्रतिघात जारी रह्यो।[४] घाना, मलावी, माली र युगान्डामा व्यवस्थापिका वा न्यायिक अधिकारीहरूले वयस्कहरू बीच सहमतिमा हुने समलिङ्गी यौन आचरणलाई अपराधीकरण गर्ने वा प्रतिबन्ध लगाउने कदमहरू चाले। जर्जियाले "पारिवारिक मूल्यमान्यता र नाबालिकहरूको संरक्षण"

सम्बन्धी कानुन अपनायो जसमा रूसी "समलिङ्गी प्रचार" कानुनकै धेरैजसो खाकालाई अनुसरण गरेको देखिने समलिङ्गी र पारलिङ्गीहरूप्रति घृणा र द्वेष दर्शाउने खालका धेरै उपायहरू समावेश थिए। बुल्गेरियाले विद्यालयहरूमा "एलजिबिटिआइ प्रचार"लाई प्रतिबन्ध लगायो। हिंसा र मानवअधिकार संरक्षणको इन्कारीले विश्वव्यापी रूपमा पारलिङ्गी व्यक्तिहरूलाई गम्भीर रूपमा असर गर्यो।

सन् २०२४ मा धेरै देशहरूले यौन तथा प्रजनन स्वास्थ्य सेवाहरूमा पहुँच बढाउने नीतिहरू लागू गरे। युरोपमा फ्रान्स गर्भपतनलाई आफ्नो संविधानमै प्रत्याभूत स्वतन्त्रताको रूपमा स्पष्ट रूपमा समावेश गर्ने विश्वको पहिलो देश बन्यो भने धेरै अन्य देशहरूले गर्भपतन क्लिनिकभन्दा बाहिर गर्भपतनका बिरामी र स्वास्थ्य सेवा प्रदायकहरूलाई उत्पीडनबाट जोगाउने उपायहरूको समर्थन गरे। यद्यपि अफगानिस्तान, अर्जेन्टिना, चिली, पुयर्तो रिको र रूस लगायत अन्य देशहरूले कानुन वा अभ्यासमै यौन तथा प्रजनन स्वास्थ्य सेवाहरूमा पहुँचलाई सङ्कुचन गर्ने नीतिहरू लागू गरे। यसैबीच मेटा र टिकटक जस्ता सामाजिक सञ्जाल कम्पनीहरूले गर्भपतनसम्बन्धी जानकारी अनलाइनबाट हटाए।

धेरै देशहरूमा गर्भपतन हेरचाह सेवाको पहुँचमा अवरोधहरू कायमै रहे र गर्भपतन अधिकारको प्रतिरक्षा गर्नेहरू आक्रमणमा परिरहे। अभियन्ता, पैरवीकर्ता, स्वास्थ्यकर्मी र अन्यलाई सामाजिक कलङ्क र धम्कीको त्रासमा पारियो र अन्यायपूर्ण अभियोजन, अनुसन्धान र गिरफ्तारी मार्फत अपराधीकरण गरियो।

**सरकारहरूले लैङ्गिक विभेद र हिंसालाई अन्त्य गर्नुपर्छ, दमनकारी कानुनहरू खारेज गर्नुपर्छ र सुरक्षित गर्भपतन सहित विस्तृत यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी जानकारी र सेवाहरूमा पहुँच सुनिश्चित गर्नुपर्छ।**

## आर्थिक र जलवायु अन्याय

जलवायु परिवर्तनको बढ्दो मानवअधिकार मूल्यलाई संबोधन गर्न जुन खालको महत्वाकांक्षा आवश्यक हुन्छ सरकारहरूले त्यो प्रदर्शन गर्न सकेनन्। यसैबीच उच्च स्तरको मुद्रास्फीति, ऋण चुक्ता र कर दुरुपयोगले विशेष गरी सबैभन्दा कम आय भएका देशहरूका साथै सबै तहको आय भएका देशहरूमा आर्थिक र सामाजिक अधिकारलाई कमजोर बनाएको छ। यसका साथै नवीकरणीय उर्जामा स्थानान्तरणको सन्दर्भमा तथाकथित "अपरिहार्य खनिजहरू"को माग उल्लेखनीय रूपमा बढ्नाले नयाँ मानवअधिकार जोखिमहरू देखा परेको छ।

### स्वस्थ वातावरणको अधिकार

जलवायु परिवर्तनको तीव्र गतिको सामुन्ने सरकारहरू आफ्नो सरहद भित्र र बाहिर मानवअधिकारको रक्षा गर्ने आफ्नो दायित्व पूरा गर्न पूर्ण रूपमा विफल भएका छन्। संयुक्त राष्ट्रसङ्घ वातावरण कार्यक्रमको प्रतिवेदनअनुसार शताब्दीको अन्त्यसम्ममा विश्व पूर्व-औद्योगिक

स्तरभन्दा लगभग ३ डिग्री सेल्सियस तापक्रम वृद्धि हुने बाटोमा छ। सन् २०२४ को मेमा अघिल्ला १२ महिनाको औसत तापक्रम पूर्व-औद्योगिक स्तरभन्दा १.५ डिग्रीभन्दा बढी भएको रिपोर्ट गरिएको थियो।[५]

अहिलेकै स्तरको तापक्रम वृद्धिमा पनि जलवायु परिवर्तनको मानवअधिकारको मूल्य अस्वीकार्य रूपमा उच्च रहेको सन् २०२४ ले देखाएको छ। जलवायु परिवर्तनले आँधीबेहरी, चक्रवात, डढेलो र भारी वर्षा जस्ता अप्राकृतिक प्रकोपहरूलाई अझ गम्भीर र अझ बढी सम्भाव्य बनाएको छ जसका कारण बढ्दो मात्रामा मृत्यु, जबर्जस्ती विस्थापन, अनिकाल र अन्य मानवअधिकार हानिहरू भएका छन्। सन् २०२४ मा बंगलादेश र भारतमा बाढीले लाखौंलाई विस्थापित गर्‍यो। अफ्रिकामा पहिलेदेखि नै जबर्जस्ती विस्थापित भएका लाखौं मानिसहरूमा थप वृद्धि गर्दै जलवायु परिवर्तनले थप धेरै मानिसहरूलाई आफ्नो आवासबाट विस्थापित गर्‍यो।[६]

केही सरकारहरूले स्वस्थ वातावरणको अधिकारसमेतको मानवअधिकारलाई हानि पुर्‍याउने आर्थिक क्षेत्र र परियोजनाहरूमा लगानी गरेर आफ्नो अर्थतन्त्रलाई बढाउने विकल्पलाई रोजेका छन्। यस्ता लगानीहरूलाई प्रायः कमजोर रूपमा नियमन गरिएको छ र त्यसले कर्पोरेट कर्ताहरूलाई मानवअधिकारमा पर्ने "अप्रत्यक्ष (collateral)" क्षतिको पर्वाह नगरी आफ्नो नाफा अधिकतम बनाउन प्रोत्साहित गरेको छ। उदाहरणका लागि सरकारहरूले विश्वभरी उल्लेखनीय मानवअधिकार हानिहरूको लागि जिम्मेवार हुँदा हुँदै पनि जीवाश्म इन्धन उद्योग, मानवअधिकारकै दुर्व्यवहार हुन सक्ने कार्बन संचिति र भण्डारण तथा हाइड्रोजन उत्पादन जस्ता जलवायु संकटसम्बन्धी अप्रमाणित समाधानहरू र ठूला स्तरका पर्यटन परियोजनाहरूलाई करदाताद्वारा वित्तपोषित उल्लेखनीय प्रत्यक्ष र अप्रत्यक्ष अनुदान प्रदान गरेका छन्। कतिपय अवस्थामा यी परियोजनाहरूले जबर्जस्ती निष्कासन, उल्लेखनीय प्रदूषण र अन्य मानवअधिकार हानिहरू निम्त्याएको छ।

सबैभन्दा धेरै कार्बन उत्सर्जन गर्ने देशहरूले जलवायु क्षतिको अग्रपंक्तिमा रहेका कम आय भएका देशहरूमा अनुकूलनका लागि आवश्यक जलवायु वित्तमा अत्यन्तै न्यून योगदान गरेका छन्। बलियो प्रारम्भिक चेतावनी प्रणाली, लचिलो स्वास्थ्य प्रणाली र आपतकालीन प्रतिकार्य पूर्वाधारको कार्यान्वयनमार्फत जलवायु अनुकूलनले मृत्यु र अन्य मानवअधिकार हानिहरूलाई न्यूनिकरण गर्न मद्दत गर्न सक्दछ। केही वित्तपोषण कम आय भएका देशहरूलाई थप ऋणको भारमा पुर्‍याउने ऋणहरूमा निर्भर रहेका छन्।

अभियन्ता र समुदायहरूले जलवायु न्यायको माग गरेका छन्। कतिपयले सरकारहरूलाई जीवाश्म इन्धनको प्रयोगलाई छिटो अन्त्य गर्न प्रतिबद्धता व्यक्त गर्न बाध्य पार्नका लागि स्वदेशी वा अन्तर्राष्ट्रिय न्यायिक संयन्त्रहरू प्रयोग गरेका छन्। तर सरकारहरूले ती न्यायिक संयन्त्रका सबै निर्णयहरूलाई कार्यान्वयन भने गरेका छैनन्। सन् २०२४ को अप्रिलमा युरोपेली मानवअधिकार अदालत (ECtHR)द्वारा जारी गरिएका तीन फैसलाहरूले जलवायु संकटको सन्दर्भमा राज्यहरूको मानवअधिकार दायित्वहरूलाई स्पष्ट पारेका छन्।[७] एउटा निर्णयले

स्विट्जरल्याण्डले हरितगृह ग्यास उत्सर्जन घटाउने आफ्नो दायित्वहरूको पालना गर्न विफल भएको फैसला गर्‍यो, तर स्विस संसद्‌ले यसलाई अस्वीकार गर्ने पक्षमा मतदान गर्‍यो। यसैबीच, अन्तर्राष्ट्रिय न्यायालयले प्रशान्त टापु राष्ट्र भानुआतुका विद्यार्थीको नेतृत्वमा भएको प्रयासद्वारा सुरू गरिएको जलवायु परिवर्तनसम्बन्धी न्यायिक रायको लागि सुनुवाइ सुरू गर्‍यो।

**सबै सरकारहरूले जीवाश्म इन्धनको प्रयोगलाई द्रुत, न्यायसङ्गत र वित्तपोषित तवरमा अन्त्य गर्ने कार्यको कार्यान्वयन गर्नुपर्छ र जीवाश्म इन्धन उद्योगलाई अनुदान दिन बन्द गर्नुपर्छ। ऐतिहासिक उत्सर्जन गर्ने देशहरू र अनुदान प्रदान गर्न सक्ने स्थितिमा रहेका अन्य देशहरूले जलवायु परिवर्तनबाट सबैभन्दा बढी प्रभावित कम आय भएका देशहरूमा जलवायु अनुकूलनको लागि अनुदान प्रदान गर्नुपर्छ।**[८]

## आर्थिक तथा सामाजिक अधिकार

विश्वव्यापी द्वन्द्व, उच्च मुद्रास्फिति र ऋण चुक्ता, कर्पोरेटको कमजोर नियमन र व्यापक कर दुरुपयोगको पृष्ठभूमिमा बिग्रँदो जलवायु परिवर्तन रहेको छ।[९] सन् २०२४ मा कम आय भएका देशहरूको ऋण भुक्तानी ३० वर्षमा सबैभन्दा उच्च स्तरमा पुग्यो, जसले गर्दा धेरै देशहरूमा स्वास्थ्य र शिक्षाको बजेट निकै कमी हुन पुग्यो। अन्यापूर्ण कर प्रणाली र व्यावसायिक तथा व्यक्तिगत तवरमा करबाट उम्कने तथा कर छली गर्ने कार्यमा लगाम लगाउन नसक्दा सरकारहरू अधिकारहरूको महशुसीकरणका लागि आवश्यक राजस्वबाट थप वञ्चित भएका छन्। फलस्वरूप, चरम गरिबी र असमानता गहिरो हुँदै गएको छ। जलवायु परिवर्तनसँग सम्बन्धित खडेरी र अन्य अप्राकृतिक प्रकोपहरूसँगैको गरिबी र द्वन्द्वका कारण करोडौं मानिसहरूले गम्भीर खाद्य असुरक्षाको अनुभव गरेका छन्। सन् २०२४ मा गाजा, हैटी र सुडानमा अनिकाल घोषणा गरियो। विश्वव्यापी रूपमा मानवीय प्रतिकार्यहरूले तत्कालका आवश्यकताहरू पूरा गर्न चाहिने कोषको आधाभन्दा कम मात्रै रकम प्रदान गरे।

यस परिस्थितिलाई चुनौती दिँदै प्रदर्शनको बढ्दो अपराधिकरणको बाबजुद पनि अभियन्ता र समुदायहरूले जीवन निर्वाह खर्चमा देखिएको महंगाइको सवालमा चासो व्यक्त गर्नका लागि विरोध प्रदर्शन गर्ने र नागरिक अवज्ञामा सरिक हुने कार्य गरेका छन्। यसको अतिरिक्त सन् २०२४ मा अन्तर्राष्ट्रिय कर सहयोगसम्बन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धिको मस्यौदाका लागि सन्दर्भ सर्तहरूको अनुमोदन गरियो। यस महासन्धिले स्वास्थ्य, शिक्षा र सामाजिक सुरक्षाको अधिकारमा लगानी गर्ने सरकारको क्षमतालाई नै कमजोर पार्ने गरी भइरहेका दुरुपयोगहरूलाई रोक्नका लागि एउटा अझ समतामूलक विश्वव्यापी कर प्रणालीको आधारशीला तयार गर्ने क्षमता राख्दछ। ११० देशको ठूलो बहुमतले यस महासन्धिको पक्षमा मतदान गरेका छन् जबकी केबल आठ देशले मात्र विपक्षमा मतदान गरेका छन् र ४४ देशले भने मतदानमा सहभागिता जनाएका छैनन्।

**सरकारहरू छिटो भन्दा छिटो संयुक्त राष्ट्रसंघको कर महासन्धिको मस्यौदा गर्ने, अनुमोदन गर्ने र त्यसलाई कार्यान्वयन गर्ने दिशामा अघि बढाउनुपर्छ र त्यतिन्जेलसम्म करको दुरुपयोगलाई रोक्नका लागि आवश्यक कदमहरू चाल्नुपर्छ।**

### कर्पोरेट जवाफदेहिता

कानुन र नीतिलाई प्रभाव पार्ने कर्पोरेट कर्ताहरूको प्रयास, कर्पोरेट कर्ताहरूको कमजोर सरकारी नियमन र मानवअधिकारसम्बन्धी जिम्मेवारी पूरा गर्नमा व्यवसायको असफलताले गर्दा व्यापक दायराका अधिकारहरूको उल्लङ्घनलाई बल पुगेको छ। जस्तै नजिकका कम्पनीहरूले समुदायहरूको पिउने पानी, मत्स्यपालन क्षेत्र, कृषि भूमि र हावालाई प्रदूषित बनाउने तथा सूचना र सहमतिको अधिकारलाई कुल्चने कार्य गरेका छन्।

नवीकरणीय उर्जामा स्थानान्तरणको सन्दर्भमा तथाकथित "अपरिहार्य खनिज"को माग उल्लेख्य रूपमा बढेको छ जसले नयाँ मानवअधिकार जोखिमहरू खडा गरेको छ। अन्तर्राष्ट्रिय मानवअधिकारका मापदण्डहरूलाई पूरा गरिरहेको वा आफ्नै नीतिहरूलाई कार्यान्वयनमा ल्याएको प्रमुख विद्युतीय सवारीसाधन निर्माताहरूले देखाएका छैनन्।[१०]

यद्यपि, केही प्रगति भने भएको छ। सबैभन्दा उल्लेखनीय कुरा के छ भने युरोपेली सङ्घले सन् २०२४ मा एउटा नयाँ कर्पोरेट जवाफदेहिता नियम लागू गर्यो जसले ठूला व्यवसायहरूलाई मानवअधिकार, वातावरणीय प्रभाव र जलवायुसम्बन्धी नयाँ नियमहरूलाई पालना गर्नु पर्ने बनाएको छ। कर्पोरेट दिगोपन उचित सावधानी निर्देशिका (Corporate Sustainability Due Diligence Directive) ले ठूला चुनौतीहरूको सामना गरिरहेको भए तापनि यो संयुक्त राष्ट्रसंघको व्यवसाय र मानवअधिकारसम्बन्धी निर्देशक सिद्धान्तहरू अनुरूप मानवअधिकार उचित सावधानीका बाध्यकारी नियमहरू लागू गर्ने विश्वको अहिलेसम्मकै सबैभन्दा महत्त्वपूर्ण प्रयास हो।

**युरोपेली सङ्घले कर्पोरेट दिगोपन उचित सावधानी निर्देशिकामा मानवअधिकार र वातावरणीय तथा जलवायु संरक्षणलाई कमजोर बनाउने प्रयासहरूलाई अस्वीकार गर्नुपर्छ र अन्य क्षेत्रीय समूहहरूले पनि युरोपेली सङ्घले जस्तै आफ्नै उचित सावधानी (due diligence) कानुनहरू अंगिकार गर्नुपर्छ।**

## प्रविधि र मानवअधिकार

सन् २०२४ मा संयुक्त राज्य अमेरिकामा भएको निर्वाचनले प्रविधिको प्रयोग र नियमनसम्बन्धी छलफलहरूमा ठूला टेक कम्पनीहरूको अथाह शक्तिका साथै आप्रवासी, एलजिबिटिआइ र अन्य व्यक्तिहरूको अधिकार उल्लङ्घनलाई सहज बनाउने उनीहरूको क्षमतालाई उजागर गर्यो र अन्ततः विश्वभर प्रविधिको मानवअधिकारसंगत नियमनलाई बाध्यकारी बनाउनुपर्ने गम्भीर अत्यावश्यकतालाई जोड दियो। पर्याप्त नियमन बिना सरकारहरूले *स्पाइवेयर* र अन्य निगरानी

उपकरणहरूको बढ्दो दुरुपयोग गरेका छन् र सार्वजनिक क्षेत्रहरूमा नयाँ एआई प्रविधिहरूमा भर परेर असमानताहरूलाई थप गहिरो बनाएका छन्। यसैबीच सामाजिक सञ्जाल कम्पनीहरूले घृणास्पद् र हिंसात्मक सामग्रीको विस्तारलाई सबल बनाएका छन्।

**प्रविधिको दुरूपयोग**

अनुहार पहिचान गर्ने प्रविधिले विश्वका धेरै क्षेत्रहरूमा विरोध प्रदर्शन गर्ने अधिकारमा नकारात्म असर पर्न गएको छ। केही देशहरूमा प्रहरीले ड्रोन र भिडियो निगरानी गर्ने सवारीसाधनहरूमा अत्याधुनिक क्यामेराहरू जडान गरेर शान्तिपूर्ण प्रदर्शनकारीहरूको निगरानी गरेका छन्। यो अभ्यासले गोपनीयताको अधिकारको उल्लङ्घन हुन्छ, शान्तिपूर्ण भेला हुन पाउने अधिकारमा नकारात्मक असर पर्न जान्छ र विभेदकारी असरहरू सिर्जना हुन सक्छ।

बढ्दो संख्यामा विश्वभरका देशहरूमा स्पाइवेयर प्रविधिहरूको व्यापक प्रयोग भएको छ। अनलाइन विज्ञापन ट्र्याकिङ अर्थात इन्टरनेट प्रयोगकर्ताहरूले विज्ञापनहरूसँग कसरी अन्तर्क्रिया गर्छन् भन्नेसम्बन्धी डाटा सङ्कलन गर्ने प्रक्रियाको दुरुपयोग गर्ने जस्ता नयाँ डिजिटल सुरक्षा खतराहरू देखा परेका छन्। यसैबीच, पारदर्शिता र नियमनको अभावले स्पाइवेयर जस्ता निगरानी प्रविधिको धुमिल व्यापारलाई थप धमिलो बनाएको छ। सन् २०२४ मा इन्डोनेसियाका कम्पनी र राज्यका निकायहरूमा अत्यधिक आक्रामक स्पाइवेयर र निगरानी उपकरणहरूको बिक्री र तैनाथी भएको प्रमाण उजागर भएको थियो। उता विदेशमा अध्ययन गर्ने चिनियाँ र हङकङ मूलका विद्यार्थीहरू चिनियाँ एवं अन्य याप तथा डिजिटल प्लेटफर्महरू प्रयोग गर्दा निगरानीको शिकार भइरहेका थिए। कहिलेकाहीं निगरानीमार्फत सहज बनाइएको प्रविधि-सहजिकृत लिङ्गमा आधारित हिंसाले थाइल्याण्ड र युगान्डा लगायत देशहरूमा महिला र एलजिबिटिआइ अभियन्ताहरूको लागि बढ्दो जोखिम श्रृजना गरेको छ।

एम्नेस्टी इन्टरनेसनल लगायतका नागरिक समाज अभियन्ताका साथै केही राष्ट्रहरूले *स्पाइवेयर*सम्बन्धी दुर्व्यवहारहरूको लागि जवाफदेहिता खोजेका छन्। इजरायलले मुद्दालाई कमजोर पार्ने प्रयास गरेको भएपनि सन् २०२४ मा थाइल्याण्ड र संयुक्त राज्य अमेरिका लगायतका देशहरूमा स्पाइवेयर फर्म एनएसओ समूह विरुद्ध मुद्दा निरन्तर चल्यो। यद्यपि, बहुपक्षीय तहमा स्पाइवेयरलाई सम्बोधन गर्ने प्रयासहरू स्वेच्छिक आचार संहितामा केन्द्रित थिए। उदाहरणका लागि सन् २०२४ मा फ्रान्स र बेलायतले व्यावसायिक साइबर घुसपैठको सेरोफेरोका मुद्दाहरूलाई सम्बोधन गर्न राष्ट्रहरू, निजी क्षेत्र र नागरिक समाजलाई एक ठाउँमा ल्याउन *पल मल* प्रक्रिया सुरु गरे। यसैबीच एम्नेस्टी इन्टरनेसनलले अभियन्ताहरूलाई उनीहरूको सुरक्षाको लागि नयाँ उपकरणहरू सिर्जना गर्न र उपलब्ध गराउन जारी राखेको छ।[११]

**सरकारहरूले गैरकानूनी निगरानी र गैरकानूनी निगरानी उपकरणहरूलाई निषेध गर्नुपर्छ र दुर्व्यवहारबाट बचाउन र पीडितहरूलाई उपचार प्रदान गर्न बलियो सुरक्षा उपायहरू लागू गर्नुपर्छ।**

### नयाँ प्रविधिहरूको अपर्याप्त नियमन

अमेरिकी प्रशासनमा भएको परिवर्तनहरूबाट आंशिक रूपमा र उद्योगका स्वार्थबाट भारी मात्रामा प्रभावित भएर नयाँ प्रविधिहरूलाई नियमन गर्ने प्रतिबद्धताबाट सरकारहरू पछि हटेका छन्। राज्यहरूले सार्वजनिक क्षेत्रका कार्यहरूमा एआई प्रविधिहरूलाई बढ्दो रूपमा समावेश गरेका छन् र कल्याणकारी कार्यक्रम, प्रहरी, आप्रवासन र सैन्य सन्दर्भहरूमा एआईद्वारा संचालित प्रणालीहरूको विकास र विस्तारलाई सबल बनाएका छन्। अक्सर यी प्रविधिहरू सरकारी दक्षता, लागत बचत वा अन्य मितव्ययिताका उपायहरूको औचित्य देखाई प्रयोग गरिन्छन्। तर वास्तवमा भने तिनीहरूले विद्यमान विभेदलाई अझ जटिल बनाउने, लैङ्गिक असमानताहरूलाई बल दिने र जातीय, सामाजिक-आर्थिक शक्ति प्रणालीहरूलाई थप गहिर्याउने कार्य गर्दछन्।[१२]

सामाजिक सुरक्षाको व्यवस्था र सुपरीवेक्षणमा स्वचालित उपकरणहरूमाथि राज्यहरूको निरन्तर निर्भरताले विभेदकारी र न्यायअसङ्गत परिणामहरू निम्त्याएको छ।[१३] केही हदमा यी हानिहरू "*एन्टिटी रिजोल्युसन*" जस्ता नयाँ तर बढ्दो गतिमा सामान्य बनेका प्रविधिहरूको त्रुटिपूर्ण कार्यान्वयनले गर्दा भएका हुन्। यस्ता प्रविधका माध्यमले माध्यमले भारत जस्ता देशहरूले विभिन्न डाटाबेसहरूमा रहेका व्यक्तिगत अभिलेखहरू पहिचान गरी जोड्ने कार्य गर्दछन्।[१४]

संयुक्त राज्य अमेरिका र चीनलाई हतियारको होडबाजीमा प्रतिस्पर्धीको रूपमा प्रस्तुत गर्ने र त्यसरी राष्ट्रिय सुरक्षाको कारण र नियमन एवं नवप्रवर्तन बीचको झूटो विभाजनका आधारमा द्रुत अनियन्त्रित एआईको विकासलाई प्रवर्द्धन गर्ने भाष्यहरूले गर्दा विश्वव्यापी रूपमा एआईको नियमनई रोकिएको छ।

**सरकारहरूले नया प्रविधिहरूको डिजाइन र प्रयोगमा मानवअधिकारलाई अभिन्न बनाउने सुनिश्चित गर्दै एआई प्रविधिहरू र उत्पादक कम्पनीहरूलाई नियमन गर्न थप काम गर्नुपर्दछ।**

### सामाजिक सञ्जाल कम्पनीका व्यावसायिक मोडेल

अनियन्त्रित शक्तिका साथ सञ्चालनमा रहेका सामाजिक सञ्जाल कम्पनीहरूले सबैभन्दा सीमान्तकृत र जोखिममा रहेकाहरूलाई हानि हुनबाट रोक्ने उद्देश्यका साथ लागू गरिएका सुरक्षाका उपायहरूलाई फिर्ता लिएका छन्। उनीहरूले प्रणालीगत रूपमै अरू सबै कुरा भन्दा व्यक्तिगहरूको संलग्नतालाई प्राथमिकता दिने व्यावसायिक मोडेललाई सञ्चालन गर्न पनि जारी राखेका छन्। यसले घृणास्पद र हिंसात्मक सामग्रीको प्रसारलाई सबलिकरण गरिरहेको छ। हानिकारक दुष्प्रभावहरूको बाबजुद यसले विशेषगरी युवाहरूलाई यी प्लेटफर्ममा झुण्डिराख्ने बनाएका छन्। सन् २०२४ मा युवा अभियन्ताहरूले विश्वव्यापी रूपमै अनलाइन धम्की र

उत्पीडनको सामना गरे।[१५] युवा अभियन्ताहरूको अभियानका कारण फिलिपिन्समा उनीहरूमाथि लक्षित गर्दै राज्य-समर्थित "रेड-ट्यागिङ" आक्रमणहरू भएको एम्नेस्टी इन्टरनेसनलले दस्तावेजीकरण गर्यो।

ईयुले प्रविधिको नियमनमा मिश्रित नजिर स्थापित गर्यो। सन् २०२४ को फेब्रुअरीमा पूर्ण रूपमा लागू भएको ईयुको ऐतिहासिक डिजिटल सेवा ऐन (Digital Services Act) ले मानवअधिकारको सम्मान सुनिश्चित गर्न अनलाइन प्लेटफर्म र सर्च इन्जिनहरूमाथि दायित्वहरू स्थापित गर्यो।[१६] त्यसपछि युरोपेली आयोगले युवा प्रयोगकर्ताहरूलाई सुरक्षा प्रदान गर्न असफल भएकोमा यो नियमन उल्लङ्घन गरेको हुन सक्ने सम्भावनाको बारेमा टिकटकमाथि अनुसन्धान गर्ने निर्णय गर्यो।[१७] सन् २०२४ अगस्टमा लागू भएको ईयुको आर्टिफिसियल इन्टेलिजेन्स ऐन (AI Act)ले एआईको प्रयोगबाट हुने सबैभन्दा बढी अधिकार उल्लङ्घनको सीमा तोकेको थियो तर आम मानिस र उनीहरूको अधिकारलाई केन्द्रमा राख्न भने ईयु विफल भयो।[१८]

अर्को सकारात्मक समाचारमा फेसबुकले निम्त्याएको वा योगदान पुर्‍याएको हानिका लागि इथियोपियाका मानवअधिकार दुर्व्यवहार पीडितहरूले आफ्नो पहुँचमा रहेको अदालतहरूमा फेसबुकलाई जवाफदेही बनाउनका लागि गरेका प्रयासहरूमा प्रगति हाँसिल गर्न जारी राखे। यद्यपि, अन्यत्र चाहीँ सामाजिक सञ्जालको हानिलाई सम्बोधन गर्न प्रस्तावव गरिएका कानुन प्रायः अत्यधिक फराकिला थिए वा ती कानुनले सामाजिक सञ्जाल कम्पनीहरूको व्यवसाय मोडेलका अन्तर्निहित मुद्दाहरूलाई सम्बोधन नगरी वा बालबालिका र युवाहरूको धाराणालाई पर्याप्त रूपमा विचार नगरी सामाजिक सञ्जालमा बालबालिका र युवाहरूको पहुँच सीमित गर्न खोजे थिए।

**मानवअधिकारको रक्षा गर्नका लागि सरकारहरूले सामाजिक सञ्जाल कम्पनीहरूलाई पर्याप्त रूपमा नियमन गर्नुपर्छ। कम्पनीहरू आफैं गैरकानूनी, निगरानीमा आधारित व्यावसायिक मोडेलबाट पर हट्नुपर्छ।**

---

[१] *Obligations of State Parties on Addressing and Eradicating Xenophobia and Its Impact on the Rights of Migrants, Their Families, and Other Non-Citizens Affected by Racial Discrimination*, 4 April

[२] *Primer: Defending the Rights of Refugees and Migrants in the Digital Age*, 5 February; *The Digital Border: Migration, Technology and Inequality*, 21 May

[३] "Global: Africans and people of African descent call on Europe to reckon with their colonial legacies", 18 November

[४] *We Are Facing Extinction: Escalating Anti-LGBTI Sentiment, the Weaponization of Law and Their Human Rights Implications - in Select African Countries*, 9 January

[५] "Global: Record-breaking 12-month run of global heat underlines urgency of action to deliver climate justice", 5 June

[६] "Africa: Richer countries must commit to pay at COP29 as climate change forcibly displaces millions across Africa", 4 November

[७] *Climate Inaction, Ruled Out! European Court Clarifies State Obligations to Tackle the Climate Crisis*, 21 August

[८] *Amnesty International Recommendations to Parties to the UNFCCC on Human Rights Consistent Climate Action in 2024*, 23 October

[९] *What's Tax Got to Do with It: A Resource Guide on Tax and Human Rights*, 17 September

[१०] *Recharge for Rights: Ranking the Human Rights Due Diligence Reporting of Leading Electric Vehicle Makers*, 15 October

[११] “Amnesty International’s Security Lab unveils new tools to support civil society against digital threats”, 5 June

[१२] *Briefing: Gender and Human Rights in the Digital Age*, 10 July

[१३] *Briefing: Social protection in the Digital Age*, 6 March

[१४] *Use of Entity Resolution in India: Shining a Light on How New Forms of Automation Can Deny People Access to Welfare*, 30 April

[१५] “Three out five young activists face online harassment globally for posting human rights content”, 1 July

[१६] “EU: Landmark Digital Services Act must be robustly enforced to protect human rights”, 17 February

[१७] “EU/Global: European Commission’s TikTok probe aims to help protect young users”, 19 February

[१८] “Statement: EU takes modest step as AI law comes into effect”, 1 August

# एसिया-प्रशान्त क्षेत्रको सिंहावलोकन

**राजनीतिक अस्थिरता, दमन र सशस्त्र द्वन्द्वले यस क्षेत्रको चिन्ताजनक मानवअधिकारको अवस्थामा योगदान पुर्यायो। यद्यपि ठूलो जोखिमका बाबजुद् मानवअधिकार रक्षक र अभियन्ताहरूले आफ्ना अधिकारको माग गर्न र दमनको विरुद्ध आवाज उठाउन जारी राखे।**

**नयाँ कानुनहरूले अभिव्यक्ति स्वतन्त्रता लगायतका अधिकारहरूलाई अझ सीमित बनाए। प्रदर्शनहरूलाई बारम्बार गैरकानुनी बल प्रयोग गरेर दबाइयो, जसले यदाकदा हताहतीको अवस्था सिर्जना गर्यो। राजनीतिक विपक्षी, मानवअधिकार रक्षक, पत्रकार र अन्य व्यक्तिहरूले निगरानी, स्वेच्छचारी थुना, यातना तथा अन्य दुर्व्यवहार र गैरकानुनी हत्याको सामना गरे। जापान र दक्षिण कोरियामा अदालतका निर्णय र सत्य आयोगका सिफारिसहरूले पीडितहरूका लागि परिपूरणको आशा प्रदान गरेको भएपनि उल्लिखित लगायतका अन्य उल्लंघनहरूलाई यस क्षेत्रमा व्याप्त दण्डहीनताले अझ सहज बनायो।**

**चरम मौसम, बढ्दो समुद्री सतह र धिमा गतिमा तर निरन्तर रूपमा विकसित भइरहेका अन्य घटनाहरूले अझ बढी विनाश निम्त्याए। तर पनि सरकारहरू जलवायु परिवर्तनको सामना गर्न र जलवायु परिवर्तनसँग सम्बन्धित हानिसँग अनुकूलनका लागि तत्काल आवश्यक कदम चाल्न पुनः विफल भए।**

**म्यानमारमा तीव्र रूपमा बढेको सशस्त्र द्वन्द्वका कारण अन्तर्राष्ट्रिय कानुनको गम्भीर उल्लङ्घनहरू थप बढेका छन्। तालिबानी शासन अन्तर्गतको अफगानिस्तानमा विशेषगरी महिला र किशोरीहरूको अधिकारहरू झन् बढी सीमित हुन पुगेको छ र चीन तथा उत्तर कोरियामा असहमतिलाई कठोर दमन गर्ने क्रम जारी रह्यो।**

**केही देशहरूमा एलजिबिटिआइ व्यक्तिहरूको अधिकार प्राप्तिको दिशामा प्रगति देखियो। तथापि महिला, बालिका र एलजिबिटिआइ समुदायप्रति प्रणालीगत लैङ्गिक विभेद र हिंसा व्यापक रूपमा कायम रह्यो। खानी उत्खनन् तथा विकास परियोजनाहरूका क्रममा आदिवासी समुदाय र जातीय तथा वंशामा आधारित अल्पसंख्यकहरूका अधिकारहरू बारम्बार बेवास्ता गरिए। आवास र शिक्षा लगायतका आर्थिक तथा सामाजिक अधिकारको उल्लङ्घन उच्च रह्यो। जबर्जस्ती देश निकाला वा अनिश्चितकालीन स्वेच्छाचारी थुनाका कारण द्वन्द्व र दमनबाट भागेका व्यक्तिहरूलाई पटक पटक जोखिममा पारियो।**

## अभिव्यक्त स्वतन्त्रता

यस क्षेत्रभरी अभिव्यक्ति स्वतन्त्रताको स्थान संकुचित बन्ने क्रम जारी रह्यो। इन्डोनेसिया, नेपाल र पपुआ न्यू गिनी लगायतका देशहरूमा संचारकर्मीरूले हिंसा र धम्कीको सामना गरिरहे। अफगानिस्तानमा तालिबानको आलोचना गरेको आरोपमा निलम्वनमा राखिएका दुई वटा निजी टेलिभिजन च्यानलसहित थप सञ्चार गृहहरूमाथि प्रतिबन्ध लगाइयो। म्यानमारमा पत्रकारहरूलाई

लामो जेल सजाय सुनाइयो। पाकिस्तानमा कम्तीमा सात जना पत्रकारहरू लक्षित आक्रमणहरूमा मारिए भने दर्जनौं अन्यलाई विधुतीय अपराध रोकथाम ऐन (Prevention of Electronic Crimes Act) अन्तर्गत गिरफ्तार गरी मुद्दा लगाइयो।

बङ्गलादेश, मलेसिया, पाकिस्तान र भियतनाममा अभिव्यक्ति स्वतन्त्रताको अधिकारलाई सीमित गर्ने नयाँ कानुनहरू लागू भए। श्रीलंकाको नयाँ अनलाइन सुरक्षा ऐनमा अस्पष्ट रूपमा परिभाषित अपराधहरू र फराकिलो अधिकार क्षेत्र राखियो जसले उक्त कानुनलाई अभिव्यक्ति स्वतन्त्रतामाथि थप प्रतिबन्ध लगाउन प्रयोग गरिन सक्ने डर पैदा गरायो। भारतमा उपनिवेशकालीन कानुनहरूलाई प्रतिस्थापन गरेर ल्याइएका नयाँ कानुनहरू पनि दमनकारी नै रहे र सरकारको आलोचकहरूलाई दबाउन प्रयोग गरिँदै आएको देशद्रोहसम्बन्धी प्रावधानलाई यथावत् राखिएको छ। चिनियाँ सरकारले मुख्य भूमिका इन्टरनेट प्रयोगकर्ताहरूले अनलाइन सेन्सरशिप छल्न स्ल्याङ्ग शब्द र अन्य “अस्पष्ट अभिव्यक्तिहरू” प्रयोग गर्न रोक्नेगरी नयाँ उपायहरू लागू गर्‍यो। हङकङमा अधिकारीहरूले राष्ट्रिय सुरक्षा संरक्षण अध्यादेश (Safeguarding National Security Ordinance) लाई औपचारिक रूपमा अनुमोदन गरे जसले चीनको मुख्यभूमिमा पहिले देखिनै प्रयोगमा आइरहेका “राष्ट्रिय सुरक्षा” र “राज्यका गोप्य जानकारी” को व्यापक परिभाषालाई लागू गर्दै अझ कडा कार्यान्वयनको अधिकार र दण्डात्मक व्यवस्थाहरू थपेको छ।

धेरै देशहरूमा सरकारका आलोचकहरूले कानुनी कारबाहीको सामना गरे। थाइल्याण्डमा लोकतन्त्र समर्थक अभियानताहरूलाई राजद्रोह र अन्य दमनकारी कानुनहरूअन्तर्गत मुद्दा चलाउने र जेल हाल्ने कार्य जारी रह्यो। क्याम्बोडियामा साइबर ठगीसँग जोडिएको मानवअधिकार दुर्व्यवहारको उजागर गर्ने अन्तर्राष्ट्रिय स्तरमा चिनिएका एकजना पत्रकारलाई पक्राउ गरी उक्साहटको आरोप लगाइयो। सिंगापुरमा मृत्युदण्डको विरोध गर्ने अभिन्ताहरूसहित सरकारका आलोचकहरूलाई “अनलाइनमा भ्रमपूर्ण सामग्री” फैलाएको भन्दै “सच्चाएर” प्रकाशित गर्न बाध्य पारियो। लाओसमा सामाजिक सञ्जालमा सडकको दयनीय अवस्थाको व्यंग्यात्मक आलोचना पोस्ट गर्ने दुई जना कलाकारलाई पक्राउ गरियो र चीनमा दशकौंअघिका कलाकृतिहरूमा कम्युनिष्ट पार्टी नेतृत्वको आलोचना गरेको भन्दै एक प्रसिद्ध कलाकारलाई हिरासतमा लिइयो।

केही देशहरूमा अनलाइन र अफलाइन सञ्चारमाथि कडा नियन्त्रणले सूचनाको पहुँचमा अझ सङ्कुचन हुन पुग्यो र अभिव्यक्ति स्वतन्त्रतालाई अत्यधिक रूपमा सीमित बनायो। उत्तर कोरियाली सरकारले बाह्य संसारसँग सम्पर्क राख्नेसम्बन्धी प्रतिबन्ध यथावत् राख्यो। पाकिस्तानमा इन्टरनेट प्रयोगमा मनमानी प्रतिबन्धहरू लगाइए। बङ्गलादेश र भारतमा शान्ति सुरक्षा कायम गर्ने बहानामा अस्थायी रूपमा इन्टरनेट बन्द गरियो, तर व्यवहारमा ती कदमहरू असहमति दबाउन प्रयोग गरिए। मलेसियामा पहिले प्रतिबन्ध लगाइएको फिल्मका दुई निर्माताहरूमाथि “धार्मिक आस्थामा चोट पुर्‍याएको” आरोपमा मुद्दा दायर गरियो।

निगरानी प्रविधिहरूको प्रयोगप्रतिको चिन्ताहरू जारी रहे। इन्डोनेसियामा राज्यका निकाय र निजी कम्पनीहरूद्वारा भएको अत्यधिक आक्रामक स्पाइवेयरको बिक्री र प्रयोगलाई एम्नेस्टी

इन्टरनेसनलले दस्तावेज गर्यो। थाइल्याण्डमा एकजना लोकतन्त्र समर्थक अभियन्ताले आफ्नो फोन ह्याक गर्न पेगासस स्पाइवेयरको प्रयोग गर्न सहयोग गरेको आरोपमा साइबर इन्टेलिजेन्स कम्पनी एनएसओ समूह विरुद्ध दायर गरेको मुद्दालाई अदालतले खारेज गर्यो।

केही सरकारहरूले विदेशमा रहेका आलोचकहरूलाई चुप लगाउने प्रयासहरू अझ व्यापक बनाए। विदेशमा अध्ययनरत मुख्यभूमि चीन र हङकङका विद्यार्थीहरू निरन्तर निगरानीमा रहे। हङकङका अधिकारीहरूले विदेशमा बसोबास गरिरहेका लोकतन्त्र समर्थक अभियन्ताहरूका नाममा थप पक्राउ पुर्जी जारी गरे र उनीहरूको राहदानी रद्द गरे। त्यसका साथै गिरफ्तारीमा सहयोग पुर्याउने सूचनाका लागि आर्थिक इनामको घोषणा गरे। राजनीतिक मुद्दाहरूमा काम गरेका एकजना मानवअधिकार वकिललाई सन् २०२३ मा लाओसबाट जबर्जस्ती चीनमा फिर्ता पठाइयो र उनलाई पुर्पक्ष नभइन्जेल राखिएको छ।

**सरकारहरूले अभिव्यक्ति स्वतन्त्रता अधिकारको प्रयोगलाई उल्लंघन गर्ने कानुनहरू खारेज वा संशोधन गर्नुपर्छ, राजनीतिक तथा अन्य विचारहरू अभिव्यक्त गर्ने अधिकारका साथै सञ्चार स्वतन्त्रताको संरक्षणका लागि आवश्यक कदमहरू चाल्नुपर्दछ।**

## भेला हुने र सङ्घ सङ्गठनको स्वतन्त्रता

यस क्षेत्रका सरकारहरूले विरोध प्रदर्शनहरूप्रति दमनकरी प्रतिक्रिया जनाए। बंगलादेशमा स्वतन्त्रता संग्रामका यौद्धाका सन्ततिलाई सरकारी जागिरमा कोटा सुरक्षित गर्ने कानुनको पुनर्स्थापनाले उत्पन्न गराएको विद्यार्थी विरोध प्रदर्शनमाथि गैर कानुनी बल प्रयोग गरियो। सरकारविरुद्धका प्रदर्शनहरू फैलिँदै जाँदा, सशस्त्र बलहरू तैनाथ गरिए र "देखिनेबित्तिकै गोली हान्ने" आदेशहरू जारी गरियो। यसका कारण करिब एक हजारको मृत्यु भयो र अरू धेरै घाइते भए। इन्डोनेसियामा निर्वाचनसम्बन्धी कानुनमा गरिएका परिवर्तनहरूको विरोध गरिरहेको भीडमाथि प्रहरीले अत्यधिक र अनावश्यक बल प्रयोग गर्यो। प्रस्तावित संशोधनहरू पछि फिर्ता लिइएको भएपनि धेरै प्रदर्शनकारी घाइते भए र सयौंलाई स्वेच्छाचारी रूपमा पक्राउ गरियो।

नेपालमा विरोध प्रदर्शनहरूलाई बलपूर्वक तितरबितर पारियो र शान्तिपूर्ण प्रदर्शनकारीहरूलाई थुनामा राखियो। राजधानी काठमाडौंमा विभिन्न समयमा विरोध प्रदर्शनलाई छिन्नभिन्न पार्न प्रहरीले अश्रुग्यास र पानीको फोहोरा प्रयोग गरे। भारतमा किसानहरूको प्रदर्शनमा प्रहरीले अत्यधिक बल प्रयोग गर्दा कम्तीमा एक जनाको मृत्यु भयो। सन् १९८९ को तियानमेन दमनको स्मरण कार्यक्रमलाई रोक्नका लागि हङकङका अधिकारीहरूले प्रहरी तैनाथ गरे। अघिल्लो वर्षहरूझैं यस्ता कार्यक्रमहरूमा सहभागी भएका धेरै व्यक्तिहरूलाई पक्राउ गरियो। पपुवा न्यू गिनीमा राजधानी पोर्ट मोरेस्बीस्थित अनौपचारिक बस्तीबाट निष्कासन गरिएको विरोधमा प्रदर्शन गर्ने थुप्रै मानिसहरूलाई प्रहरीले पक्राउ गरी मुद्दा चलायो। दक्षिण कोरियाका राष्ट्रपतिद्वारा मार्शल ल घोषणा गरेपछि भेला हुने लगायतका मौलिक अधिकारहरू निलम्बन गरिए। तर त्यस कदमलाई

राष्ट्रिय सभाद्वारा चाँडै नै उल्टाइयो। पछि उनलाई पदबाट निलम्बन गरियो र डिसेम्बरको अन्त्यमा उनको गिरफ्तारीका लागि पक्राउ पूर्जी जारी गरियो।

गाजा युद्धको अन्त्य र प्यालेस्टिनी अधिकारको पक्षमा वकालत गर्नेहरूले उत्पीडन र गिरफ्तारीको सामना गर्नुपर्‍यो। फिजीमा प्रहरीले प्रदर्शनकारीहरूलाई इजरायली र प्यालेस्टिनी झण्डा बोक्न प्रतिबन्ध लगायो र शान्तिपूर्ण प्रदर्शनकारीहरूलाई धम्की दियो। इजरायललाई हतियार बिक्री गरिएको सवालमा विरोध प्रदर्शन गरिरहेका केही व्यक्तिहरूमाथि सिंगापुरका अधिकारीहरूले अनुसन्धान गरे र त्यस युद्धविरुद्ध राष्ट्रपति निवासमा पिटिसन बुझाउन खोजिरहेका तीन जनामाथि अभियोग लगाए। माल्दिभ्समा इजरायली उत्पादनहरूको बहिष्कारको माग गर्दै प्रदर्शन गरिरहेका दुई महिलालाई पक्राउ गरियो। मलेसियामा प्रहरीले राजधानी क्वालालम्पुरस्थित अमेरिकी दूतावासको बाहिर प्यालेस्टिनी समर्थक प्रदर्शनकारीहरूलाई नियन्त्रणमा लियो।

सङ्घ सङ्गठन स्वतन्त्रताको अधिकारमाथि पनि थप आक्रमण भयो। थाइल्याण्डमा अदालतले सन् २०२३ को संसदीय चुनावमा सबैभन्दा धेरै सिट जितेको विपक्षी मूव फर्वार्ड दललाई विघटन गर्न आदेश दियो। साथै पार्टीका ११ कार्यकारी सदस्यहरूलाई पनि उम्मेदवारी दिन प्रतिबन्ध लगाइयो। फिलिपिन्समा सरकारले प्रतिबन्धित कम्युनिस्ट समूहहरूसँग सम्बन्ध भएको आरोपमा "रेड-ट्याग" को बिल्ला भिराइएका अभियन्ता र संस्थाहरूलाई आतंकवादसम्बन्धी अपराधहरूमा आरोप लगाएर लक्षित गर्न जारी राख्यो। बंगलादेश, भारत, पाकिस्तान र श्रीलंकामा कपडा उद्योगका श्रमिकहरूलाई न्यून पारिश्रमिक र श्रमको अत्यधिक अनौपचारिकीकरणलाई संबोधन गर्ने सवालमा आवाज उठाउनका लागि संगठन स्वतन्त्रताको अधिकार प्रयोग गर्नबाट रोकिएको थियो। बंगलादेशमा तलब वृद्धिको लागि प्रदर्शन गर्दा कम्तीमा एक जना कपडा कारखानाका श्रमिकको मृत्यु भयो र दर्जनौं अन्य घाइते भए।

**सरकारहरूले शान्तिपूर्ण सभा र सङ्गठनको अधिकार संरक्षण गरिएको सुनिश्चित गर्नुपर्छ। प्रदर्शनकारीहरू विरुद्ध गैरकानुनी बलको प्रयोगलाई रोक्नुपर्छ र शान्तिपूर्ण सभा र सङ्गठनको अधिकारलाई उल्लङ्घन गर्ने कानुन, नीति र अभ्यासहरूको पुनरावलोकन गरेर परिवर्तन गर्नुपर्छ।**

## स्वस्थ वातावरणको अधिकार

चरम मौसम र धिमा गतिमा देखा पर्ने मौसमी घटनाहरू र जलवायु परिवर्तनले थप नराम्रो बनाएको विषाक्त वायु प्रदूषणले एसिया प्रशान्त क्षेत्रभर विनाशकारी परिणाम निम्त्यायो जसमा विशेषगरी सबैभन्दा गरिब र सबैभन्दा सीमान्तकृतहरू असमानुपातिक रूपमा प्रभावित भए। यस क्षेत्रका उच्च आय भएका र उच्च कार्बन उत्सर्जन गर्ने देशहरूले कोप २९ मा कम आय भएका राष्ट्रहरूले माग गरेको पर्याप्त जलवायु वित्तसम्बन्धी सहमतिलाई अवरुद्ध गर्नमा अन्य धनी राष्ट्रहरूसँग मिलेर काम गरे।

दक्षिण एसिया पुनः चरम गर्मी र विनाशकारी बाढीबाट प्रभावित भयो, जसले लाखौं मानिसको जीवनमा असर पार्‍यो। भारतको आसाम राज्यमा बाढीका कारण कम्तीमा ११३ जनाको मृत्यु

भयो। बंगलादेशमा पाँच लाख मानिस विस्थापित भए। अफगानिस्तान, पाकिस्तान र नेपालमा आएका बाढी र पहिरोका कारण पनि सयौंले ज्यान गुमाए र हजारौं विस्थापित भए। भारतको राजधानी नयाँ दिल्ली तथा पाकिस्तानका शहरहरूमा वायु प्रदूषण कीर्तिमानी स्तरमा पुग्यो जसले विशेषतः सीमान्तकृत समुदायका सदस्यहरूको मृत्यु हुन पुग्यो।

कार्बन उत्सर्जन घटाउने र वातावरणीय संरक्षण सुधार गर्नेतर्फ केही प्रगति देखिए तापनि समग्र रूपमा जलवायु परिवर्तन र वातावरणीय क्षयप्रतिको एसिय प्रशान्त क्षेत्रीय प्रतिकार्य अपर्याप्त रह्यो। चीनमा पहिलो पटक जीवाश्म इन्धन बाहेकका स्रोतहरूबाट उत्पादन भएको ऊर्जा जीवाश्म इन्धनबाट उत्पादन हुने ऊर्जाभन्दा बढी भयो। यद्यपि, चीनले विदेशमा कोइलाबाट चल्ने ऊर्जा केन्द्रहरूको निर्माणलाई जारी राखेको कुरा चिन्ताजनक रह्यो। पपुवा न्यू गिनीमा ३० प्रतिशत भू-भाग संरक्षणको लागि छुट्याइएको भए पनि राज्य अझै पनि जीवाश्म इन्धनमा अत्यधिक निर्भर रहेको छ। दक्षिण कोरियाको एक ऐतिहासिक अदालतको निर्णयले सरकारलाई भावी पुस्ताको अधिकार रक्षा गर्न हरितगृह ग्यास उत्सर्जन लक्ष्यहरू पुनरावलोकन गर्न आदेश दियो। प्रशान्त द्वीपका राष्ट्रहरूले जलवायु परिवर्तनसम्बन्धी राज्यहरूको दायित्व र जिम्मेवारीबारे अन्तर्राष्ट्रिय न्यायालयमा सुनुवाइ सुरु गर्ने कदमलाई समर्थन गरेका छन्।

जीवाश्म इन्धन कटौती र अन्य लक्षयहरू पूरा गर्नमा प्रतिबद्धता जनाएको भएपनि अन्य धेरै सरकारहरू ती प्रतिबद्धताहरू पूरा गर्न विफल भए। विदेशमा तरल प्राकृतिक ग्यास परियोजनाहरूमा जापानको लगानीले जीवाश्म इन्धनको प्रयोगलाई न्यूनीकरण गर्ने विश्वव्यापी प्रयासलाई कमजोर बनाउन बनाइरह्यो। अस्ट्रेलियाले सन् २०३० सम्म कोइला र ग्यास उत्सर्जन कटौतीको सट्टा वृद्धि गर्ने योजना ल्याएर प्रगतिमा बाधा पुऱ्यायो। न्यूजिल्याण्डमा पारित एक नयाँ कानुनले वातावरणीय संरक्षणलाई कमजोर बनायो भने इन्डोनेसियाका प्रस्तावित ऊर्जा कानुन र नियमनहरूलाई नेट शून्यतर्फको स्थानान्तरणतर्फ सहजीकरण गर्न विफल भएको भन्दै आलोचना गरियो। गम्भीर जलवायु-उत्पन्न क्षति व्यहोर्नुका बाबजुद पनि भारतको जलवायु परिवर्तनसम्बन्धी लक्ष्यहरूलाई "अत्यन्त अपर्याप्त" भनेर मूल्याङ्कन गरियो।

वातावरणीय मानवअधिकार रक्षकहरू आफ्नो कामका लागि लक्षित भइरहे। तीमध्ये भियतनाममा जेलमा थुनिएका जलवायु परिवर्तन अभियानका एक प्रमुख व्यक्तित्व पनि थिए जसले दयनीय हिरासत अवस्थाको विरोधमा तेस्रो पटक भोक हडताल गरे। कम्बोडियामा "मदर नेचर" अभियानसँग सम्बन्धित १० जना वातावरणीय अभियन्ताहरूलाई "षडयन्त्र गरेको" र "राजालाई अपमान गरेको" आरोपमा दोषी ठहर गरियो।

**सरकारहरूले विपद् तयारी र अनुकूलनमा लगानी बढाउनुका साथै सीमान्तकृत र यदि आवश्यक परेमा अन्तर्राष्ट्रिय सहायता र जलवायु वित्तको खोजी समेत गरेर जलवायु सङ्कटबाट असमानुपातिक रूपमा प्रभावित अन्य समुदायहरूको संरक्षणलाई प्राथमिकता दिनुपर्छ। जीवाश्म इन्धनको उत्पादन विस्तारलाई रोक्ने, जीवाश्म इन्धनमा अनुदानलाई अन्त्य गर्ने र आफ्नो जलवायु नीतिहरू विश्वव्यापी तापमान वृद्धिलाई १.५ डिग्री सेल्सियस भित्र राख्ने उद्देश्य अनुरूप**

**भएको सुनिश्चित गर्ने लगायत गरेर उच्च आय भएका र अत्यधिक कार्बन उत्सर्जन गर्ने अन्य मुलुकहरूले जलवायु न्यूनीकरणमा नेतृत्व लिनुपर्दछ।**

## स्वेच्छाचारी गिरफ्तारी र हिरासत, यातना र अन्य दुर्व्यवहार

मानवअधिकार रक्षक, राजनीतिक कार्यकर्ता र अन्य व्यक्तिहरू यस क्षेत्रका धेरै देशहरूमा स्वेच्छाचारी गिरफ्तारी र थुनाको शिकार भए। पक्राउ परेका व्यक्तिहरूले अक्सर यातना र अन्य दुर्व्यवहार भोगे।

अफगानिस्तानमा १,५०० महिलासहित २०,००० भन्दा बढी मानिसहरूलाई जेलमा राखिएको बताइएको छ। तीमध्ये राजनीतिक विपक्षी मानिएका व्यक्ति र तालिबानको नैतिक संहिताको उल्लङ्घन गरेको आरोप लागेका व्यक्ति पनि थिए। थुनामा रहेका व्यक्तिहरू यातना र अन्य दुर्व्यवहारको जोखिममा रहे। थुनुवाहरूको गैरन्यायिक हत्या भएको पनि बताइएको छ। उत्तर कोरियाली अधिकारीहरूले हजारौं व्यक्तिलाई राजनीतिक कारागार शिविरहरूमा राख्न जारी राखे जहाँ उनीहरूले अमानवीय अवस्था, यातना र यौन हिंसासहितका अन्य दुर्व्यवहारको सामना गरे।

चीनमा श्रम अधिकारकर्मीहरू र नागरिक पत्रकारहरूलाई मानवअधिकारको पक्षमा वकालत गरेको आरोपमा कैद सजाय दिइयो। हङकङमा “अनौपचारिक निर्वाचन” आयोजना गरेको अभियोगमा "राज्यविपरित षडयन्त्र गर्न मिलेमतो गरेको" ठहर गर्दै ४५ जना प्रजातन्त्र समर्थक कार्यकर्ताहरूलाई अधिकतम १० वर्षसम्मको जेल सजाय सुनाइयो। भियतनाममा सरकारको विरोध गरेको आरोपमा लामो समयदेखि कैदमा रहेका राजनीतिक बन्दीहरू स्वास्थ्य समस्याबाट पीडित भए र उनीहरूलाई स्वास्थ्य सेवाबाट वञ्चित गरियो। पाकिस्तानमा सन् २०२३ मा पूर्व प्रधानमन्त्री इमरान खानको गिरफ्तारीविरुद्ध प्रदर्शनमा सहभागी भएको आरोपमा १०० भन्दा बढी सर्वसाधारणलाई सैनिक हिरासतमा राखियो; जसमा ८५ जनालाई सैन्य अदालतद्वारा कैद सजाय तोकियो। विपक्षी दलका वरिष्ठ नेताहरू पुर्पक्षको पर्खाइमा थुनामै रहे। श्रीलंकाको धेरै आलोचित र अत्यधिक दुर्व्यवहारी लागूऔषध विरुद्धको अभियान जारी रह्यो, जसका कारण मुख्यतः सीमान्तकृत सामाजिक-आर्थिक समूहका दशौं हजार व्यक्तिलाई स्वेच्छाचारी रूपमा हिरासतमा राखियो।

**राज्यका अधिकारीहरूले अभिव्यक्ति स्वतन्त्रता, शान्तिपूर्ण विरोध प्रदर्शन तथा अन्य मानवअधिकारलाई वैध ढङ्गमा अभ्यास गर्ने राजनीतिक विपक्षी र अन्य व्यक्तिका विरूद्ध न्याय प्रणालीको दुरूपयोग गर्न हुँदैन। राष्ट्रहरूले स्वेच्छाचारी तवरमा थुनामा राखिएकालाई रिहा गर्नुका साथै क्षतिपूर्ति प्रदान गर्नुपर्छ र यातना तथा अन्य दुर्व्यवहारजन्य कार्यलाई निषेध र अपराधीकरण गर्नुपर्दछ।**

## दण्डहीनता र सत्य, न्याय तथा परिपूरणको अधिकार

केही देशहरूमा मानवअधिकार उल्लङ्घनका पीडितहरूका लागि न्यायतर्फ केही प्रगति भएको देखिए पनि यस क्षेत्रभित्र दण्डहीनता सामान्य प्रवृत्तिको रूपमा जारी रह्यो र यसले अरू थप उल्लङ्घनहरूलाई प्रश्रय दियो।

जबर्जस्ती बेपत्ता पार्ने कार्यको लामो सयदेखिको प्रवृत्तिमा न्यून वा शुन्य जवाफदेहिता रहेको पाकिस्तान र फिलिपिन्समा यस वर्ष बेपत्ता पारिएकाहरूमा श्रम तथा भूमि अधिकारकर्मीहरू, राजनीतिक विपक्षीहरू र पत्रकारहरू रहेका छन्। अफगानिस्तानमा न्यायमा पहुँचको अभावले दण्डहीनताको संस्कृतिलाई झनै सशक्त बनायो र मानवअधिकार उल्लङ्घनहरू जारी रहे। चीन सरकारले सिन्जियाङ स्वायत्त क्षेत्रका उइघुर र अन्य मुस्लिम बहुल समूहका सदस्यहरूमाथि भएको सम्भावित मानवताविरुद्धका अपराधहरूका लागि जवाफदेहिता स्थापना गर्नेतर्फ कुनै कदम चालेन। भारत सरकार मणिपुर राज्यमा जातीय हिंसालाई रोक्न विफल मात्र भएन त्यस हिंसाका क्रममा मानवअधिकार दुरव्र्यहारमा जिम्मेवार सशस्त्र "भिजिलान्ते" समूहका सदस्यहरू विरूद्ध उसले अभियोजन समेत गरेन। इन्डोनेसियाको पपुआमा सशस्त्र पृथकतावादी सङ्घर्षको सन्दर्भमा सर्वसाधारणको गैरकानुनी हत्या दण्डहीनताका साथ जारी रह्यो।

केही आशाका क्षणहरू पनि देखिए। जापानमा सर्वोच्च अदालतले पूर्व "युजेनिक्स" कानुनअन्तर्गत जबर्जस्ती बन्ध्याकरण गरिएका १६,००० भन्दा बढी अपाङ्गता वा दीर्घ रोग भएका व्यक्तिहरूलाई क्षतिपूर्ति दिनुपर्ने फैसला सुनायो। दक्षिण कोरियामा सन् १९६१ देखि १९८७ सम्म हजारौं शिशुहरूको बलपूर्वक ग्रहण गराइएको विषयमा सत्य निरूपण आयोगले प्रकाशित गरेको प्रतिवेदनले पीडितहरूका लागि परिपूरण सिफारिस गर्यो। बङ्गलादेशमा नयाँ अन्तरिम सरकारले सन् २००९ देखि २०२४ बीच अधिकारकर्मी, राजनीतिक विपक्षी र अन्य व्यक्तिहरूलाई जबर्जस्ती बेपत्ता पारिएको घटनाको छानबिन गर्न एउटा जाँचबुझ आयोग गठन गर्यो।

तर अन्य ठाउँहरूमा भने न्याय प्राप्तिका प्रयासहरू धर्मराए। नेपालमा सशस्त्र द्वन्द्वकालमा भएका गम्भीर अपराधहरूमा न्याय प्रक्रिया अघि बढाउने उद्देश्यका साथ स्वीकृत गरिएको कानुनले अन्तर्राष्ट्रिय मापदण्डहरूसँग पूर्ण रूपमा मेल खाएको थिएन र त्यसले केही पीडकहरूलाई अभियोजनबाट जोगाउने सम्भावना राखेको छ। पीडितहरूसँग अर्थपूर्ण परामर्शको अभाव तथा अघिल्लो अनुसन्धान निकायहरूले दिएका सिफारिसहरू कार्यान्वयन गर्न सरकार असफल भएको लगायतका कारण श्रीलङ्कामा नयाँ सत्य निरूपण तथा मेलमिलाप आयोग गठनसम्बन्धी प्रस्तावित कानुनलाई नागरिक समाजले अस्वीकार गर्यो।

**अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका अपराध र अन्य गम्भीर मानवअधिकार दुव्यवहारहरूको शीघ्र, स्वतन्त्र, निष्पक्ष र प्रभावकारी अनुसन्धानमार्फत संदिग्ध पीडकहरूलाई न्यायको दायरामा ल्याउने**

**र पीडितलाई प्रभावकारी परिपूरण सुनिश्चित गर्ने कार्य गरी सरकारहरूले दण्डहीनताविरुद्ध लड्ने प्रयासलाई सुदृढ बनाउनुपर्छ।**

## अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घन

म्यान्मारमा सशस्त्र द्वन्द्व तीव्र बन्दै जाँदा त्यहाँको सेना र केही सशस्त्र विपक्षी समूहहरूले युद्ध अपराध तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लङ्घन उल्लङ्घन गरेको आरोप लाग्यो। गैरसैनिक सर्वसाधारण र नागरिक पूर्वाधारमाथि अन्धाधुन्ध र प्रत्यक्ष आक्रमण गर्ने सैन्य अभियान तीव्र बन्दा सन् २०२१ को सैनिक विप्लवप यता त्यहाँ मृत्यु हुनेको सङख्या ६,००० नाघेको छ। आपूर्ति रोक्ने अन्तर्राष्ट्रिय कदमका बावजुद् उडयन इन्धन आपूर्तिका जहाजहरू सैनिकहरूसम्म निरन्तर पुगिरहे। सशस्त्र विपक्षी समूह अराकान सेनाले रोहिङ्या नागरिकहरूको घर जलाएको र उनीहरूलाई हत्या गरेको आरोप लागेको छ जसका कारण धेरै रोहिंग्याहरू आफ्नै मातृभूमि राखाइन राज्यबाट विस्थापित हुन पुगेका छन्।

अफगानिस्तानमा इस्लामिक स्टेट अफ खोरोसान प्रान्त सहितका सशस्त्र समूहहरूले मुख्यतया शिया-हजारा समुदायलाई लक्षित गरी गरेका आक्रमणका कारण थप नागरिक हताहती भएको छ। तालिबानको उपस्थिति रहेको सीमा क्षेत्रमा गरेको पाकिस्तानी सैन्य हवाई बमबारीको कारण पनि नागरिक हताहत भएको जनाइएको छ।

**गैरसैनिक र नागरिक पूर्वाधारहरूमाथिको प्रत्यक्ष आक्रमणलाई अन्त्य समेत गरी सशस्त्र द्वन्द्वका सबै पक्षहरूले अन्तर्राष्ट्रिय मानवीय कानुनको सम्मान गर्नुपर्दछ।**

## आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार

अफगानिस्तानमा मानवीय संकट झनै गहिरियो। संयुक्त राष्ट्रसङ्घका अनुसार त्यहाँका आधाभन्दा बढी जनसंख्यालाई मानवीय सहायताको आवश्यकता रहेको छ जसमध्ये ८५% दिनको एक अमेरिकी डलर भन्दा कम आयमा जीवन यापन गर्न बाध्य छन्। केबल १०% ले मात्र आधारभूत स्वास्थ्य सेवामा पहुँच प्राप्त गरेको युरोपेली सङ्घको चेतावनीका बीच स्वास्थ्य सेवामा पहुँच सबैका लागि र अझ विशेषगरी महिला र बालिकाका लागि एउटा ठूलो समस्या रह्यो। उत्तर कोरियाको कूल जनसंख्याको ४०% कुपोषित रहेको बताइएको छ। तालिबानी र उत्तर कोरियाली सरकारको नीति तथा कार्यहरू यी विषम मानवीय परिस्थितिहरूको प्रमुख कारणका रूपमा रहेका थिए।

धेरै देशका अधिकारीहरूले आवासको अधिकार उल्लंघन हुन गरी जबर्जस्ती निष्कासन र घर भत्काउने क्रमलाई जारी राखे। भारतमा सर्वोच्च अदालतले जबजस्ती घर भत्काउने कार्य गैरकानुनी भएको फैसला सुनायो। तर यो फैसला आउँदासम्म विगतका साम्प्रदायिक हिंसाको "सजाय"स्वरूप मुसलमानहरू लक्षित गरेर सरकारले निरन्तर अभियानकै रूपमा भन्दै हजारौं घरहरू भत्काइसकेको थियो। मंगोलियामा अधिकारीहरूले राजधानी उलानबाटरबाट करिव

२,००० परिवारहरूलाई जबर्जस्ती निष्कासन गरे। नेपालमा अनौपचारिक बस्तीमा बसोबास गर्ने प्राय सीमान्तकृत दलित र थारू समुदायका परिवारहरूलाई जबरजस्ती निष्कासित गरियो। कम्बोडियाको अङ्कोर विश्व सम्पदा क्षेत्रबाट पहिले जबर्जस्ती निष्कासनमा पारिएका हजारौं मानिसहरूका लागि कुनै न्याय वा क्षतिपूर्ति भएन। अन्य धेरै अझै पनि निष्कासनमा पर्ने डरका साथ बस्न बाध्य छन्।

यस क्षेत्रका दशौं लाख बालबालिका शिक्षाको अधिकारबाट वञ्चित रहे। तालिबानले प्राथमिक तहपछिको बालिकाहरूको शिक्षामाथिको प्रतिबन्धलाई जारी राख्यो। म्यानमारमा सशस्त्र द्वन्द्व र सेनाद्वारा शैक्षिक संरचनाहरूमा गरिएका नियोजित आक्रमणका कारण लाखौं बालबालिका विद्यालय बाहिर रहे। चिनियाँ सरकारले गरेको थप विद्यालयहरू बन्दका कारण तिब्बती भाषा र संस्कृतिमा खतरा उत्पन्न भएको छ। लाओसमा सामाजिक सेवा क्षेत्रहरूमा घट्दो सार्वजनिक लगानीप्रति संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्च आयुक्तले उठाएका चिन्ताहरूमध्ये शिक्षा क्षेत्रमा गरिएको खर्च कटौती पनि थियो।

जबर्जस्ती श्रम र खराब श्रम अवस्थासम्बन्धी रिपोर्टहरू आउने क्रम पनि जारी नै रह्यो। संयुक्त राष्ट्रसंघले उत्तर कोरियामा जबर्जस्ती श्रम व्यापक र संस्थागत रहेको उल्लेख गर्दै कारागारहरूमा भएका जबर्जस्ती श्रमको प्रणालीगत प्रयोग दासत्वअन्तर्गतको मानवताविरोधी अपराध ठहरिन सक्ने बतायो। श्रीलंकामा मलायाहा तमिल चियाबगान श्रमिकहरूले जबर्जस्ती श्रम, ऋणको पासो र अन्य मानवअधिकार दुर्व्यवहारबाट श्रमिकहरूलाई संरक्षण प्रदान गर्न सरकार विफल भएको आरोप लगाए।

**सरकारहरूले विभेदरहित तवरमा सबै व्यक्तिको लागि खाद्य, स्वास्थ्य सेवा, आवास र शिक्षा लगायतका आर्थिक तथा सामाजिक अधिकारहरू सुनिश्चित गर्न र जबर्जस्ती श्रमको अभ्यासलाई अन्त्य गर्न आवश्यक कार्यहरू गर्नुपर्छ।**

## महिला तथा बालिकाको अधिकार

लैङ्गिक विभेद र महिला तथा बालिका विरुद्धको हिंसा यस क्षेत्रभर व्यापक रह्यो। महिला र बालिकाहरूले पहिले नै देखि मानवताविरुद्धको अपराध सरहको लैङ्गिक उत्पीडनको सामना गरिरहेको अफगानिस्तानमा उनीहरूको जीवनका सबै पक्षहरूलाई नै पूर्ण रूपमा सीमित गर्ने गरी तालिबानले थप प्रतिबन्धहरू लगायो। धेरैलाई पहिरनसम्बन्धी नियम पालना नगरिएको भन्दै गिरफ्तार गरियो र हिरासतमा लिइएका महिला र बालिकामाथि बलात्कार र अन्य स्वरूपका यौन हिंसा गरिएको रिपोर्टहरूमा आएको छ। लिङगमा आधारित हिंसाको तह तीव्र रूपमा बढेको छ; महिला अधिकार समूहहरूले गएको वर्षभरिमा ३०० भन्दा बढी महिला तथा बालिकाको हत्या भएको जनाएका छन्।

अन्य देशहरूमा पनि सरकारहरू महिला र बालिकाहरूविरुद्ध बलात्कार, यौन दुर्व्यवहार तथा उत्पीडन र हिंसाका अन्य स्वरूपहरूको उच्च दरलाई सम्बोधन गर्न पर्याप्त कदम चाल्न विफल

भए। दक्षिण कोरियामा महिलासँग सहमति बिना बनाइएका अनलाइन डिपफेक तस्वीर र भिडियोहरू तीव्र रूपमा बढ्दै गएका कारण महिला समूहहरूले यसलाई "राष्ट्रिय सङ्कट" कै रूपमा माने। माल्दिभ्समा संयुक्त राष्ट्रसंघका सन्धि निकायहरूको सिफारिसअनुसार महिलामाथि गरिने यौनाङ्ग काट्ने/छेदन गर्ने कार्यलाई घरेलु हिंसा कसुरका रूपमा स्थापित गर्न सरकार विफल भयो।

भारतमा एक प्रशिक्षार्थी चिकित्सकको कार्यस्थलमै बलात्कार र हत्या भएको घटनाले देशव्यापी विरोध प्रदर्शनको लहर ल्यायो। भारतमा जातीय विभेदले दलित महिलाहरू विरुद्ध यौन तथा अन्य प्रकारका हिंसालाई निरन्तर उक्साउन जारी राख्यो। मध्य प्रदेश राज्यमा एक महिलाले यौन उत्पीडनको उजुरी दर्ता गरेपछि उनलाई जिउँदै जलाइएको घटना यसको एक उदाहरण हो। नेपालमा पनि दलित महिला र बालिकाहरूविरुद्धको हिंसामा दण्डहीनता जारी रह्यो।

**अन्तर्समूहगत लैंगिक विभेदका मूल कारणहरूलाई सम्बोधन गर्ने, पीडित उत्तरजिवीहरूका लागि न्यायमा पहुँच, संरक्षण र अन्य आवश्यक सहयोग सुनिश्चित गर्ने तथा पीडकका लागि विद्यमान दण्डहीनताको अन्त्य गर्ने लगायतका पहलका माध्यमबाट सरकारहरूले महिला र बालिकाहरूविरुद्धको विभेद र लैंगिक हिंसालाई सम्बोधन गर्न व्यापक उपायहरू लागू गर्नुपर्छ।**

## एलिजिबिटिआई मानिसहरूको अधिकार

थाइल्यान्ड दक्षिणपूर्वी एसियामा एलजिबिटिआइ व्यक्तिहरूको लागि वैवाहिक समानता हासिल गर्ने पहिलो देश बन्यो र अन्य धेरै देशहरूको अदालती फैसलाले पनि एलजिबिटिआइ अधिकारलाई अगाडि बढायो। दक्षिण कोरियामा सर्वोच्च अदालतले समलिङ्गी जोडीहरूलाई बिषमलिङ्गी जोडीहरू जस्तै स्वास्थ्य सेवामा समान अधिकार हुने फैसला सुनायो। चीनमा अदालतले समलिङ्गी सम्बन्धमा रहेको महिलालाई बच्चा भेट्ने अधिकार प्रदान गर्यो। जापानमा दुईवटा उच्च अदालतको फैसलाले समलिङ्गी विवाहमाथिको प्रतिबन्ध असंवैधानिक रहेको निर्णय गर्यो। नेपालमा सर्वोच्च अदालतले एउटा फैसलामा एकजना पारलिङ्गी महिलाको लैङ्गिक पहिचानलाई आधिकारिक कागजातहरूमा मान्यता दिनुपर्ने अधिकारको पक्षमा निर्णय सुनायो।

यद्यपि, एलजिबिटिआइ व्यक्तिहरू हिंसा, विभेद र केही देशहरूमा अपराधीकरणको शिकार भइरहेका छन्। अफगानिस्तानमा आपसी सहमतिमा हुने समलिङ्गी सम्बन्ध अझै पनि मृत्युदण्डयोग्य अपराध मानिन्छ। चीनमा एलजिबिटिआइ अभियन्ताहरू स्वेच्छाचारी हिरासतमा पर्ने जोखिममा रहेका छन्। पारलिङ्गी व्यक्तिहरू विशेष रूपमा हिंसाको उच्च जोखिममा छन्। फिजीमा एकजना पारलिङ्गी यौनकर्मी महिलाको अपहरणपछि गरिएको हिंसात्मक आक्रमणबाट मृत्यु भएको घटनामा अधिकारीहरूले प्रभावकारी रूपमा अनुसन्धान गर्न विफल भएकोमा मानवअधिकार समुदायले व्यापक आक्रोश व्यक्त गरे।

**आपसी सहमतिमा हुने समलिङ्गी सम्बन्धलाई गैरअपराधिकरण गर्ने, विभेदविरोधी विस्तृत कानुन अवलम्वन गर्ने तथा लैङ्गिकता पहिचानको कानूनी मान्यतामा सहज पहुँच सुनिश्चित गर्ने**

**लगायतका कार्य गरेर सरकारहरूले एलजिबिटिआइ व्यक्तिहरूको संरक्षणलाई सुदृढ बनाउनु पर्छ। एलजिबिटिआइ व्यक्तिहरूमाथि गरिएका हिंसा र अन्य दुर्व्यवहारका सबै घटनाहरूको प्रभावकारी रूपमा अनुसन्धान गरिनु पर्दछ र दोषीलाई न्यायको कठघरामा ल्याइनुपर्छ।**

## आदिवासी जनजातिको अधिकार र जातीय तथा वंशमा आधारित विभेद

धेरै देशहरूमा आदिवासी जनजातिको अधिकारमा अवरोध पैदा भयो र यस क्षेत्रका आदिवासी जनजाति तथा जातीय र वंशमा आधारित अल्पसंख्यकहरू सीमान्तीकरण र विभेदबाट असमानुपातिक रूपमा प्रभावित भइरहे।

एउटा सकरात्मक कदमका रूपमा ताइवानका आदिवासी जनजातिहरूले आधिकारिक कागजातहरूमा म्यान्डरिन भाषा संस्करणको साटो आफ्नै आदिवासी नाम प्रयोग गर्ने अधिकार प्राप्त गरे। तर यसको विपरीत न्यूजील्याण्ड सरकारले माओरी जनताको अधिकारलाई कमजोर पार्ने नयाँ कानुनहरू लागू गर्यो र त्यस्तै अन्य केही कानुनहरूको प्रस्ताव गर्यो जसकार कारण देशव्यापी विरोध प्रदर्शन भयो। इन्डोनेसिया र मलेसियालगायत अन्य देशहरूमा आदिवासी जनजातिले दाबी गरेका भूमिमा उनीहरूको स्वतन्त्र, पूर्वसहमति र जानकारीमा आधारित सहमति बिना विकास परियोजनाहरू अघि अगाडि बढाइए। संयुक्त राष्ट्रसंघका आदिवासी जनजाति अधिकारसम्बन्धी विशेष प्रतिवेदकले खानी उत्खनन गतिविधिले मंगोलियाका गोठाला समुदायहरूको जीवन र जीविकोपार्जनमा पारेको नकारात्मक प्रभावप्रति चिन्ता व्यक्त गरे।

अस्ट्रेलिया र न्यूजील्यान्डमा फौजदारी न्याय प्रणालीमा आदिवासी जनजातीहरूको अत्यधिक प्रतिनिधित्व छ। अस्ट्रेलियामा, विशेषगरी आदिवासी तथा टोरेस स्ट्रेट आइल्यान्डर बालबालिकाहरूलाई उच्च दरमा बन्दी बनाइएको छ। पश्चिमी अस्ट्रेलियामा तीन जना आदिवासी बालकहरूको हिरासतमै मृत्यु भएको जानकारीमा आएको छ। भियतनाममा मोंटाग्नार्ड आदिवासी समुदायहरूले अझै विभेदको सामना गरिरहेका छन् र सन् २०२३ मा प्रहरी चौकीहरूमा भएका आक्रमणसँग सम्बन्धित मुद्दामा १०० भन्दा बढी व्यक्तिहरूलाई अन्यायपूर्ण सुनुवाइमार्फत आतंकवादी अभियोगमा दोषी ठहराइयो।

सांस्कृतिक तथा धार्मिक व्यक्तिहरूलाई स्वेच्छाचारी रूपमा हिरासतमा लिने लगायतका कार्यहरू गरेर चिनियाँ सरकारले गैर-हान जातीय समुदायहरूमाथिको दमनलाई जारी राख्यो। भारतमा मुस्लिम र अन्य धार्मिक अल्पसंख्यकहरू विरुद्ध सयौं घृणासम्बन्धी अपराधहरू गरिएको जानकारीमा आयो। सन् २०१४ मा दलितहरूको घर जलाएको आरोपमा १०० भन्दा बढी व्यक्तिहरू दोषी ठहर भए।

**विभेदकारी कानुन र नीतिहरूलाई खारेज वा संशोधन गर्ने, फौजदारी न्याय प्रणाली र अन्य क्षेत्रमा रहेको संरचनात्मक विभेदलाई हटाउने नीति तथा कार्यक्रमहरूलाई प्राथमिकता दिने र विकास तथा अन्य परियोजना र उनीहरूलाई असर गर्ने निर्णयहरूमा अर्थपूर्ण परामर्श तथा स्वतन्त्र पूर्व र सूचित सहमति सुनिश्चित गर्ने लगायतका कार्य गरेर अधिकारीहरूले आदिवासी**

**जनजाति तथा जातीय र वंशमा आधारित अल्पसंख्यकहरूको अधिकार सुनिश्चित गर्न ठोस उपायहरू अवलम्बन गर्नुपर्दछ।**

## शरणार्थी र आप्रवासीको अधिकार

अस्ट्रेलिया, जापान, मलेसिया र थाइल्यान्ड जस्ता देशहरूले शरणार्थी र आप्रवासीहरूलाई अनिश्चितकालीन स्वेच्छाचारी हिरासतमा राख्ने कार्यलाई जारी राखे। मलेसियामा बालबालिकाहरूलाई निरन्तर थुनामा राखिएको विषयमा चिन्ता व्यक्त गरियो। साथै आप्रवासन हिरासत केन्द्रहरूमा खराब अवस्था रहेको र दुर्व्यवहार हुने गरेको जानकारी प्राप्त हुने क्रम जारी रह्यो। थाइल्यान्डमा संयुक्त राष्ट्रसङ्घले १० वर्षभन्दा बढी समयदेखि हिरासतमा रहेका ४० भन्दा बढी उइगुर शरणार्थीहरूको अवस्था अत्यन्तै दयनीय पाएको बतायो जसले यातना वा अन्य अमानवीय व्यवहार भएको हुन सक्ने संकेत गर्दछ।

सशस्त्र द्वन्द्व र दमनबाट भागिरहेका व्यक्तिहरू जबर्जस्ती फिर्तीको जोखिममा रहेका थिए। बंगलादेशका सीमा सुरक्षागार्डहरूले म्यानमारको राखाइन राज्यमा जारी सशस्त्र द्वन्द्वबाट भागिरहेका रोहिङ्ग्या समुदायका व्यक्तिहरूलाई गैरकानुनी रूपमा फिर्ता पठाए; बंगलादेशका शिविरहरूमा बसोबास गरिरहेका रोहिङ्ग्या शरणार्थीहरू अत्यन्तै दयनीय अवस्थाबाट गुज्रिरहे। भियतनाममा मानवअधिकार उल्लंघनको जोखिममा रहेका थुप्रै मोंटाग्नार्ड शरणार्थीहरूलाई भियतनाममै जबर्जस्ती फिर्ता पठाउने उद्देश्यले उनीहरूलाई गिरफ्तार गर्न थाइ अधिकारीहरूले भियतनामी सरकारसँग मिलेमतो गरेको आशंका गरियो। अफगानिस्तानबाट प्रणालीगत विभेद र दमनका कारण भागिरहेका अफगानी नागरिकहरूलाई अन्तर्राष्ट्रिय संरक्षण दिनुपर्ने आग्रहको बाबजुद् पाकिस्तानका अधिकारीहरूले दशौं हजार शरणार्थीहरूलाई जबर्जस्ती फिर्ता पठाउने नीति अघि बढाए।

धेरै देशहरूमा आप्रवासी श्रमिकहरूले असुरक्षित अवस्थामा बस्ने र काम गर्ने गर्नुपर्‍यो। मानव बेचबिखन पनि यस क्षेत्रमा एउटा चिन्ताको विषय बन्न जारी रह्यो। दक्षिण कोरियाको एउटा कारखानामा आगलागी हुँदा २३ जनाको मृत्यु भयो जसमा धेरैजसो आप्रवासी श्रमिकहरू थिए। ताइवानमा अधिकारीहरूले हस्तक्षेप गर्नु अघि इन्डोनेसियाली श्रमिकहरूले तलब वा बाहिरी संसारसँगको सम्पर्क बिना एक वर्षभन्दा बढी समयसम्म माछा मार्ने डुङ्गामा काम गरेको पाइयो। क्याम्बोडियामा स्क्याम कम्पाउन्डहरूमा मानव बेचबिखन र जबर्जस्ती श्रमको बारेको चिन्ता कायम रह्यो, जबकि संयुक्त राष्ट्र संघको एउटा सन्धि निकायले लाओसमा यौन बेचबिखनको बारेमा चासो व्यक्त गर्‍यो।

**सरकारहरूले शरणार्थीहरूलाई उनीहरूको आप्रवासन स्थितिकै आधारमा हिरासतमा राख्ने कार्य बन्द गर्नुपर्छ र उनीहरूलाई अन्तर्राष्ट्रिय संरक्षण खोज्न अनुमति दिनुपर्छ। गैरकानूनी देश निकाला तुरुन्तै रोकिनुपर्छ र “ननरिफल्म”को सिद्धान्तको सम्मान गरिनुपर्छ। मानव बेचबिखन र**

**जबर्जस्ती श्रम विरुद्धको सुरक्षालाई बलियो बनाउनुपर्छ र मानव बेचबिखनबाट बचेकाहरूलाई कानुनी र अन्य सहयोग प्रदान गरिनुपर्छ।**

## मृत्युदण्ड

४५ वर्षभन्दा बढी समय मृत्युदण्डको सजायसम्बन्धी फैसला कार्यान्वयनको प्रतिक्षामा बिताएका एक जना ८८ वर्षका व्यक्तिको मृत्युदण्डको सजायलाई उनीमाथिको हत्या अभियोगमा प्रयोग गरिएको प्रारम्भिक मुद्दाका प्रमाणहरू बनावटी पाइएकोले एकजना न्यायाधीशले खारेज गरेपछि जापानमा मृत्युदण्डको उन्मूलनका लागि दबाब तीव्र बन्यो। अफगानिस्तानमा सार्वजनिक रूपमा फाँसी दिने को कार्य जारी रह्यो र तालिबानले "परपुरुषसम्बन्ध" का लागि महिलालाई ढुङ्गाले हान्ने विधि मार्फत मृत्युदण्ड दिन पुनः सुरु गर्न सक्ने जानकारीहरू आएका छन्।

चीन र सिंगापुर लगायतका विभिन्न देशहरूमा लागुऔषधसम्बन्धी मुद्दामा दोषी ठहरिएका व्यक्तिहरूलाई फाँसी दिने क्रम जारी रह्यो। चीन, उत्तर कोरिया र भियतनाममा मृत्युदण्डलाई कुन हदसम्म प्रयोग गरिएको छ भन्ने स्पष्ट छैन। तर यसको प्रयोग व्यापक रहेको विश्वास गरिन्छ। चीनको नयाँ कानुनले मृत्युदण्डसम्बन्धी जानकारी सार्वजनिक गर्न झन कडाइ गरेको छ भने नयाँ न्यायिक मार्गनिर्देशनले ताइवानी स्वतन्त्रता समर्थन गर्नेहरूविरुद्ध मृत्युदण्ड प्रयोग गर्न प्रोत्साहित गरेको छ।

**मृत्युदण्ड कायम राखेका सरकारहरूले यसलाई शीघ्र खारेज गर्नेतर्फ कदम चाल्नुपर्छ र साथै मृत्युदण्डको फैसला कार्यान्वयनलाई पनि औपचारिक रूपमा स्थगन गर्नुपर्छ।**

# नेपाल

**अधिकारीहरूले विरोध प्रदर्शनकारी विरुद्ध गैरकानुनी बल प्रयोग गरे र अभिव्यक्ति तथा भेला हुने स्वतन्त्रतालाई सङ्कुचित बनाए। सङ्क्रमणकालीन न्यायलाई अघि बढाउनका लागि एउटा महत्त्वपूर्ण कदम चालिएको भए पनि उक्त कदममा दण्डहीनता फैलाउन सक्ने खालका गम्भीर कमजोरीहरू रहेका छन्। देशभर महिला तथा बालिकाविरुद्धको हिंसा र जातमा आधारित विभेद कायम रह्यो। जबर्जस्ती निष्कासन जारी रह्यो। आप्रवासी श्रमिकहरूको गैरकानूनी भर्ती जारी रह्यो।**

## भेला हुने स्वतन्त्रता

प्रदर्शनहरूमाथि प्रतिबन्ध लगाएर, गैर कानुनी बल प्रयोग गरेर र प्रदर्शनकारीहरूलाई बलपूर्वक तितरबितर पार्ने र हिरासतमा लिने कार्य गरेर सरकारले आलोचनालाई दबायो।

जनवरीमा प्रहरीले राजधानी काठमाडौंस्थित मूख्य सरकारी भवनहरू नजिक रहेको “निशेधित क्षेत्र” माइतीघरमा विरोध प्रदर्शन गरेकोमा कम्तीमा आठजनालाई पक्राउ गर्यो। फेब्रुअरीमा उक्त स्थानमा प्रदर्शन गर्न रोक लगाइएको सवालमा विरोध प्रदर्शन गरेका तीनजनालाई पक्राउ गरियो। २६ फेब्रुअरीमा नेपालभरबाट खाली खुट्टा हिँडेर काठमाडौं आएका मिटरब्याज पीडितहरू भेला भएको सार्वजनिक पार्कमा प्रदर्शन शिबिर तोड्न प्रहरीले बल प्रयोग गर्यो। ५० प्रदर्शनकारी संसद भवन भित्र प्रवेश गर्ने गरी त्यसपछि भएको विरोध प्रदर्शनको जवाफस्वरूप अधिकारीहरूले “निशेधित क्षेत्र”को दायरा थप विस्तार गर्दै विरोध प्रदर्शनमाथिको प्रतिबन्धलाई थप कडाइ गरे। ६ मार्चमा प्रधानमन्त्री निवास अगाडिको निशेधित क्षेत्रमा विरोध प्रदर्शन गरेका १३ जनालाई पक्राउ गरी हिरासतमा लिइयो। अप्रिलमा माइतीघर क्षेत्रमा केही प्रदर्शनहरू गर्न दिइए पनि अन्य प्रमुख सरकारी संस्थाहरू आसपासका क्षेत्रहरू निशेधित क्षेत्र नै रहे। मेमा संसद भवन अगाडि भ्रष्टाचारको विरोध गर्दै प्रदर्शन गरिरहेका ११ विद्यार्थीलाई निशेधित क्षेत्रमा प्रदर्शन गरेकोले पक्राउ गरियो।

विरोध प्रदर्शनहरूमा प्रहरीले अश्रुग्याँस र घातक हतियारको प्रयोग गर्यो। ५ जनवरी (२० पौष २०८०)मा सर्लाहीको बरहथवा नगरपालिकामा भएको प्रदर्शनका क्रममा प्रहरीद्वारा प्रहार गरिएको गोली लागि एक व्यक्तिको मृत्यु भएको थियो। फेब्रुअरीमा काठमाडौंमा सडक व्यापारीहरूमाथि भएको महानगर प्रहरीको निर्मम दमनबारे रिपोर्टिङ गर्ने क्रममा एक जना पत्रकारलाई कुटपिट गरी गिरफ्तार गरिएको थियो। अप्रिलमा प्रहरीले राजतन्त्र समर्थक प्रदर्शनकारीहरू विरुद्ध काठमाडौंमा अश्रुग्याँस र पानीका फोहरा प्रहारी गरी लाठी प्रयोग गरेको थियो। मेमा अपाङ्गता अधिकारको माग गर्दै गरिएको शान्तिपूर्ण प्रदर्शनमाथि प्रहरीले गैरकानुनी बल प्रयोग गरेको थियो। राष्ट्रिय मानवअधिकार आयोगका अनुसार अपाङ्गता भएका व्यक्तिहरूसमेत गरी प्रहरीले २० जना विरोधकर्ताहरूलाई कुटपिट र गिरफ्तार गरेको थियो।

## अभिव्यक्ति स्वतन्त्रता

पत्रकार, अभियन्ता र अनलाइन आलोचकहरूले अभिव्यक्ति स्वतन्त्रतामाथि बढ्दो प्रतिबन्धको सामना गरे। जनवरी र डिसेम्बरका बीच *फ्रीडम फोरम* ले महिला पत्रकारमाथि भएको लैंगिक हिंसालगायत धम्की, गिरफ्तारी र दुर्व्यवहारसम्बन्धी ५७ वटा घटनाको अभिलेख गरेको थियो।

१० फेब्रुअरीमा कञ्चनपुर जिल्लामा प्रहरीको अव्यवस्थापनबारे रिपोर्टिङ गरिरहेका दुई पत्रकारलाई गिरफ्तार गरिएको थियो। अप्रिलमा गैरकानूनी नदी उत्खननबारे समाचार लेखेकै कारण एक पत्रकारलाई धम्की दिइएको भन्दै नेपाल पत्रकार महासंघले चासो व्यक्त गरेको थियो। मेमा कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहियालाई भ्रष्टाचारसम्बन्धी समाचार प्रकाशन गरेको प्रतिशोधमा पक्राउ गरी थुनामा राखिएको थियो।

मेमा मिडिया काउन्सिल विधेयकलाई राष्ट्रिय सभामा प्रस्तुत गरिएको थियो। उक्त विधेयकमा सञ्चारमाध्यमको स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रतामाथि गम्भीर रूपमा प्रतिबन्ध लगाउने अघिल्लो संस्करणकै विधेयकका प्रावधानहरू कायम राखिएको छ।

काठमाडौंमा एक हिन्दू पर्व मनाउने क्रममा अगस्टमा प्रहरीले सरकारविरोधी नारा लगाएका तीन जनालाई चार दिनसम्म गिरफ्तार गरी थुनामा राख्यो।

अनलाइन आलोचकहरूले फेसबुकमा राजनीतिज्ञहरूको आलोचना गरेकोमा प्रतिशोधको सामना गरे। अगस्टमा पूर्व प्रधानमन्त्री शेर बहादुर देउवा र उनकी पत्नीको आलोचना गरेको आरोपमा दुई जनालाई थुनामा राखियो। ५ सेप्टेम्बरमा बाजुरा जिल्लाका २१ वर्षीय एक युवकलाई फेसबुकमा प्रधानमन्त्री केपी शर्मा ओलीको आलोचना गरेको कारण विद्युतीय कारोबार ऐनअन्तर्गत गिरफ्तार गरियो।

## दण्डहीनता

द्वन्द्वकालीन समयमा भएका मानवअधिकार उल्लङ्घनहरूमा सत्य, न्याय र परिपूरण प्राप्त गर्नमा सहयोगी हुन सक्ने प्रावधानसहित अगस्टमा बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐनसम्बन्धी  संशोधन विधेयकलाई पारित गरियो। यद्यपि, यस विधेयकमा अन्तर्राष्ट्रिय मापदण्डहरूसँग मेल नखाने गरी गरिएको अपराधहरूको परिभाषा, गम्भीर अपराधहरूमा घटी सजायको व्यवस्था र युद्धकालीन अपराधहरूको लागि जिम्मेवार व्यक्तिहरूलाई अभियोजनबाट जोगाउने खालका अन्य प्रावधानलगायतका जवाफदेहीतासम्बन्धी गम्भीर कमजोरीहरू रहेका छन्।[१]

## एलजिबिटिआइ व्यक्तिहरूका अधिकार

सन् २०२४ मा तीनवटा समलिङ्गी विवाहलाई आधिकारिक रूपमा दर्ता गरियो। यद्यपि, उक्त विवाह दर्ताले पूर्ण वैवाहिक अधिकार भने दिएको छैन।

जुलाईमा सर्वोच्च अदालतले एकजना ट्रान्सजेन्डर महिलाको लैङ्गिक पहिचानलाई आधिकारिक कागजातहरूमा मान्यता दिनुपर्ने अधिकारको पक्षमा निर्णय सुनायो। लैङ्गिक पहिचानको कानूनी मान्यता प्राप्त गर्न खोजिरहेका अन्य व्यक्तिहरूले अझै पनि अवरोधहरूको सामना गरे।

## महिला र बालिकाविरुद्धको हिंसा

बाल विवाह, बाल श्रम र छाउपडी (महिनावारी हुँदा महिला र किशोरीहरूलाई झुपडीमा एक्लै बस्न बाध्य पार्ने प्रथा) लाई कानूनी रूपमा निषेध गरिएको भएपनि महिला र बालिकाविरुद्धका हानिकारक अभ्यास र यौनजन्य तथा लिङ्गमा आधारित हिंसा जारी रह्यो। १७ जुनमा अछाम जिल्लामा महिनावारी हुँदा राखिएको एउटा झुपडीमा १६ वर्षीया किशोरी बलात्कृत भइन्। आफ्नै घरमा काम गर्ने १० वर्षीया बालिकालाई तीन वर्षभन्दा बढीसमयदेखि बारम्बार बलात्कार गरेको आरोपमा जुलाईमा एक प्रहरी निरीक्षकलाई पुर्पक्षका लागि थुनामा राखिएको थियो। जुलाई २०२३ र जुन २०२४ का बीच प्रहरीले १६,००० भन्दा बढी घरेलु हिंसाका घटनाहरू अभिलेख गरेको थियो। सामाजिक कलङ्क र प्रणालीगत व्यवधानहरूका कारण धेरै घटनाहरू एकदमै कम मात्रमा रिपोर्टमा आए।

## विभेद

छुवाछूत लगायत जातीय विभेद निरन्तर जारी रह्यो। कानूनी संरचनाहरूका बाबजूद जातीय हिंसामा विद्यमान व्यापक दण्डहीनताले दलित र विशेषगरी दलित महिला तथा बालिकाहरूका लागि न्याय प्राप्तिमा रहेका अवरोधहरू थप गम्भीर बने।[२] एकजना दलित युवकसँगको सम्बन्धका कारण आफ्नी १५ वर्षीया छोरीको हत्या गरेको आरोपमा जनवरीमा एक पुरुषलाई पक्राउ गरिएको थियो। ६ जुनमा सिराहाको मिर्चैया नगरपालिका-७ का दलित बस्तीहरूमा पिउने पानी र विद्युत जस्ता अत्यावश्यक सेवाहरूको अभाव रहेको सम्बन्धी रिपोर्टहरू सार्वजनिक भए।

## जबर्जस्ती निस्कासन

अनौपचारिक बस्तीहरूमा बस्ने सयौं परिवारहरू स्थानीय प्रशासनको जबर्जस्ती निस्कासनको जोखिममा रहे। मार्चमा विघटित भएको राष्ट्रिय भूमि आयोगलाई नयाँ सरकारले अक्टोबरमा पुनर्गठन गरेको भएपनि यो वर्षको अन्त्यसम्म आयोगले भूमिहीन, दलित र अनौपचारिक बस्तीमा बसोवास गरेका व्यक्तिहरूलाई भूमि र आवास उपलब्ध गराउने कार्य सुनिश्चित गरेन।

जुलाईमा कैलाली जिल्लाको धनगढी उपमहानगरपालिकाका अधिकारीहरूले अनौपचारिक बस्तीमा बसोवास गरिरहेका १० परिवारका अस्थायी घर टहरालाई डोजर लगाएर ध्वस्त पार्दै उनीहरूलाई जबर्जस्ती निस्कासित गरे। जुलाईमा जिल्ला वन कार्यालयले आवास र आश्रयस्थलहरू भत्काएर जबर्जस्ती निस्कासित गर्दा कैलालीका कम्तीमा ५०० बाढी प्रभावित परिवारहरू आवासविहीन हुन पुगेका थिए। त्यसपछि उत्पन्न भएको मानवीय सङ्कटबाट सीमान्तकृत थारु र दलित समुदायहरू विशेष रूपमा प्रभावित भएका थिए।[३]

## आप्रवासी श्रमिकहरूको अधिकार

अवैध भर्ना शुल्क तिर्दै र उचित श्रम सुरक्षा बिना हजारौं युवा नेपालीहरूले खाडि देशहरू, मलेसिया र अन्य मुलुकहरूमा कठिन र खतराजन्य कामका लागि रोजगारीमा रहे। (साउदी अरबको अंश हेर्नुहोस्)।

## थुनुवाहरूको अधिकार

यातनालाई रोक्न र यातनाको अपराधमा विद्यमान दण्डहीनालाई अन्त्य गर्न सरकार विफल रह्यो। जुलाईमा चार दिनदेखि हिरासतमा राखिएका एक व्यक्तिको मृत्यु भएको थियो।[४] अक्टोबरमा एक व्यक्ति प्रहरी हिरासतमा मृत अवस्थामा फेला परेका थिए। ५ नोभेम्बरमा कपिलवस्तु जिल्लामा हिरासतमा एक व्यक्ति मृत फेला परेका थिए। बाँकेमा रहेको एउटा बाल सुधार गृहमा झडप हुँदा जुलाईमा ६० थुनुवाहरू बाल सुधार गृहबाट भागेका थिए। जुनमा राष्ट्रिय मानवअधिकार आयोगले यातनासम्बन्धी ५५ वटा उजुरीहरू प्राप्त भएको रिपोर्ट गरेको थियो।

## स्वस्थ वातावरणको अधिकार

मनसुनको समय जुन र सेप्टेम्बरमा भएको घना वर्षाका कारण आएको बाढी र पहिरोले काठमाडौं र आसपासका जिल्लाहरूमा ३०० भन्दा बढी व्यक्तिको ज्यान लिएको थियो।[५] *वर्ल्ड वेदर याट्रिब्युसन*को अनुसार यो बाढी शहरीकरण र जलवायु परिवर्तनसँग सम्बन्धित थियो।

---

१ "Nepal: New Transitional Justice Law a Flawed Step Forward", 20 August

२ "Nepal: Systemic descent-based discrimination against Dalits needs urgent action", 10 May

३ "Nepal: Preliminary findings of the joint monitoring of forced evictions by civil society organisations", 16 July

४ "Nepal: Government must fulfil its promise and end the use of torture and other ill-treatment", 26 June

५ "South Asia: Devastating Floods Yet Another Reminder for Urgent Human Rights-Consistent Climate Action", 12 July